# आफ्नो दिन र उसको सन्देशलाई चिन्नु

**२७ जुलाई १९६४**
**जैफरसन विले-इंडियाना**
**यू.एस.ए.**

**मित्रहरू नमस्कार आउनुस् हामी केही छिनको निम्ति उभिइरहौ ।**

१. प्यारा परमेश्वर जस्तो कि हामी यस जीवनको दौड, धूपको माझ यहाँनिर केही छिनको लागि बसेका छौ..... चाहे यो जेसुकै पछि होस्, तपाईंले हामीलाई यस समयलाई प्रदान गर्नुभएको छ, कि हामी तपाईंको प्रस्तुति र महिमा गरौं, तपाईंको वचनलाई प्रचार गरौं, ताकि हामी तपाईंलाई अझै राम्रोसँग चिन्न सकौं, र यसैकारण हामी यहाँ जम्मा भएका छौं । परमेश्वर, हामी तपाईंलाई धन्यवाद गर्दछौं, किनकि यहाँनिर ती मानिसहरू छन् जो तयार छन् र उनीहरूले आफूले आफैंलाई सन्तको लागि तयार गरेका छन्। उनीहरूको लागि परिस्थितिहरू र त्यो समय अर्थहीन छ जसमा कि हामी रहिरहेका छौं, उनीहरू त तपाईंमाथि अहिले पनि विश्वास गर्दछन् र हामी तपाईलाई उनीहरूको लागि धन्यवाद गर्दछौं ।

२. परमेश्वर हामी तपाईंको महान चंगाई सामर्थ तथा तपाईको वचनको प्रतिज्ञाको लागि अत्यधिक आभारी छौं जब हामी यी गवाही वयानहरूलाई सुन्द छौं, तब हाम्रो मन उत्तेजनाले भरिन्छन्। मानिसहरूको छोराहरू माथि सवै प्रकारको दु:ख कष्ट आएका छन्, तर तपाईले आफ्नो करूणा, र सामर्थ र आफ्नो प्रतिज्ञाद्वारा उनीहरूलाई निको पार्नुभएको छ र उनीहरू यहाँ आफ्नो आफ्नो गवाहीहरू दिइरहेका छन्, र परमेश्वरको स्तुति गरिरहेका छन्। हामी तपाईंलाई यसको लागि धन्यवाद गरिरहेका छौं। र अब हुन पाओस् कि आज हामी त्यस सन्देशलाई सुनौं जसलाई तपाईंले हाम्रो लागि यस घडीको लागि प्रदान गर्नुभएको छ। अब जबकि हामी तपाईको वचनबाट पढ्दछौं, तब हुन सकोस् कि तपाई हामीलाई त्यस वचन हेतु एउटा विषय प्रदान गर्रोस् जसलाई हामी पढ्दछौं। सबै कुराहरूमा तपाईंको इच्छा पूरा हवस्। हामी यसलाई 'येशू' को नाममा माग्दछौं। आमीन !

कृपया, तपाईं बसिदिनुस्।

३. यस बिहान यहाँनिर हुनु एउटा ठूलो नै सौभाग्यको कुरा हो। म तपाईहरू सबैको कारण ज्यादै नै आनन्दित छु र भाइ वुडस, भाइ राय शेवरसन, तथा अरू अनेक भाइहरूले यस भवनलाई वातानुकूलित वनाउनको उद्देश्यले बितेका दुई दिन सारै इमान्दारीबाट कार्य गरेको छ, किनकि गत आइतबार उनीहरूले देखेका थिए कि तपाईले कस्तो प्रकार दु:ख गर्नुभएको थियो र उनीहरूसँग कलीसियाको खजनामा यस वस अलिकता मात्र नै छन् थियो र उनीहरूले त्यसलाई नै यस कार्यको लागि लगाइदिएका थिए र उनीहरूले त्यसै धनलाई यस कार्यमा लगाएका छन्, जसलाई तपाईंले धन्यवाद स्वरूपमा चन्दामा हाल्नुभएको थियो, ताकि तपाईं यसमा आरामपूर्वक बसेर सन्देशलाई सुन्न सक्नुस्। आज यहाँ धेरै चिसो छ। अत: हामी यस सुभअवसर हेतु परमेश्वरको तथा तपाईंहरूको धन्यवादी छौं।

४. म खुसी छु........भाई रोवरसनको लागि तर उनीहरू यो बिहान एक तरहले पछाडि नै रहन चाहन्थे। र मैले उनीहरूसँग भनेको थिएँ कि उनीहरू आफ्नो कुर्सी लिएर यहाँनिर ती सेवकहरूसँग बसुन्; तर उनीहरू यस्तो गर्न चाहँदैन थिए। जस्तो कि तपाईहरू सबैलाई थाहा छ, भाई वोडर्स, अरू कैयौं सेवकहरू तथा मित्रहरूलाई यहाँ भेटेर मलाई साह्रै प्रसन्नता छ।

५. म पूरा सप्ताहभरि यो सोचिरहन्छु र भन्दछु, जव म आइतबार त्यहाँ जाने छु, भने म प्रत्येक सेवक र प्रत्येक व्यक्तिलाई चिन्ने छु। तर फेरि जब तपाईं यहाँनिर आउनुहुन्छ भने तपाईं सन्देशमा यति धैरै तल्लीन भई जानुहुन्छ, कि तपाईं अन्य सबै कुराहरू लगभग बिर्सिएको हुनुहुन्छ।

६. अब मैले फर्किएर ऐरीजोना जानुछ। आउने सोमबार एक हप्ताको लागि मैले टकसन जानु छ; ताकि त्यहाँ केटाकेटीहरूलाई स्कूलमा भरना गराउँ। र तब म त्यसपछि यहाँ फर्किएर आउने छु। र मेरी श्रीमतीलाई दुई हप्ता पहिलेनै त्यहाँ पुग्नु छ ........किन कि स्कूल आरम्भ हुनुभन्दा दुई हप्ता पहिले केटाकेटीहरूलाई स्कूलमा नामाङ्कन गराउन सकियोस्।

७. र अब यो मेरो बिदाको वेला हो। जस्तो कि तपाईंलाई थाहा छ, मैले दिसम्बरदेखि प्रचार गरेको छु, मैले दिसम्बर जनवरी फरवरी, मार्च, अप्रेल, मई, जुन, र जुलाईदेखि प्रचार गरेको छु। अब; यदि परमेश्वरको इच्छा भयो, र मेरो लागि विशेष बोलावट भएन; भने यो त्यो समय हो जसमा म विश्वास गर्दछु, र आफ्नो छुट्टी मनाउँछु। यसबेला म शिकार गर्न जान्छु। र म ............

८. अब यदि परमेश्वर मलाई वोलाउन चाहुन कि म अन्य केही गरूँ जसको विषयमा म अहिले केही जान्दिन। मेरो जीवनमा परमेश्वरको दर्जा सर्वदा प्रथम रहेको छ। म त्यसलाई पहिलो दर्जामा नै राख्न चाहन्छु, र तपाईं चाहानु हुन्छ कि त्यो पहिलो दर्जामानै रहोस्

तर तब यदि कुनै विशेष वोलावट हुदैन; र यहि परमेश्वरको इच्छा भयो, भने अब आउँदो केही महिनाहरूको लागि म शिकार गर्ने छु र विश्राम गरूँला ।

९. तपाईं अनुभव गर्नु हुन्न; र संसार पनि यो कहिले थाहा पाउने छैन कि मलाई कुन अवस्था कहिले थाहा पाउने छैन कि मलाई कुन अवस्था बिताउनु परिरहेको छ । बुझ्यौ ? र यसमा एउटा सारै ठूलो बोझ हुन्छ । यसमा कुनै आश्चर्य छैन कि जब प्रभुका चेलाहरू प्रभुसँगै हिँडिरहेका थिए, तब प्रभुले आफ्ना चेलाहरूसँग भन्नु भएको थियो, "आओ, अलग" बुझ्यौ ? म यसलाई प्रतिदिन अरू धेरै अुनभव गर्दछु, र विशेष गरेर जसो जसो गरि यस पृथ्वीमा मेरो दिन वित्दै जान्छन्, म यसलाई अरू धेरे अनुभव गर्दछु । देख्नु भयो तपाईंले ? जब जब तपाईं वुढोहुँदै जानु हुन्छ, त्यस्तै त्यस्तै तपाई यसलाई अनुभव गर्दै जानु हुन्छ । तपाई हाम्रा पास्टरलाई पनि यस माथि "आमिन" भन्दै गरेको सुन्नु हुन्छ । त्यो........हामी महसुस गर्न सक्दछौं कि पचास वर्षको अवस्था पार गरे पछि हामी केटा रहदैनौ । अब हामीलाई अलिकता समय चाहियो ।

१०. हामी तिनको लीग अत्यधिक धन्यवादित छौं जुन अहिले हामीले सुनेका छौं । हिजो जब मेरी पत्नी श्रीमती वुडसकहाँ थिइन, तब केही मानिस एलवामाबाट त्यहीबाट कहींबाट आएका थिए; र मलाई ती महान कार्यहरूलाई भनी रहेका थिए जुन परमेश्वरले त्यस सभामा गरेका थिए । त्यहाँनिर साना केटाकेटी निको भएका थिए तथा नाना प्रकारका कार्य भएका थिए । ओहो; अझ यी थुप्रै सारा कुराहरू छन्, यदि म यिनलाई भन्न थाले भने सारै धेरै समय लाग्ने छ ।

११. तब मैले त्यसलाई पनि स्मरण राख्नुछ, मलाई यकिन छ कि त्यसमध्ये केही मानिस मलाई भनिरहेका थिए कि बहिनी लारसन यहाँनिर बितेका दुईटा आइतबारदेखि आफ्ना साना-साना केटा केटीलाई लिएर यहाँ आइरहेकी छिन् । मलाई पूरा तरहले थाहा त छैन, त मलाई यकीन छ कि उनीहरू भनिरहेका थिए कि त्यो केटो

उनको नाती हो, हुनसक्दछ उनी उसलाई शिकागोबाट यहाँ परमेश्वरलाई समरपित गर्नको लीग ल्याइरहेकी छिन्। यी महिला हामीप्रति सारै उदार छिन् र हामी उनलाई सराहना गर्दछौं र उनी त्यस बालकलाई समर्पण गराउन हेतु उसलाई शिकागोबाट लिएर आएकी हुन् र म सोच्छु कि हलाँकि शिकागोबाट यहाँ आउन धेरै समय लाग्दछ, तर फेरि पनि उनी यस बालकलाई प्रभुलाई समर्पित गर्ने हेतु इच्छुक छिन्। यसकारण, जब कि म यो बोलिरहेको छु; यदि बहिनी लारसन चाहन्छिन् कि उनको वच्चालाई समर्पित गरियो, भने उनी बालकलाई समर्पणको लागि माथि लिएर आउन।

१२. र तब शायद; जब कि उनी समर्पणको प्रार्थना लागि तयार भइरहेकी छिन, म तपाईंलाई यो बताउन चाहन्छु कि यो सन्देश जुन मैले प्रचार गर्न गइरहेको छु, यो एउटा साह्रै नै जबरजस्त सन्देश हो जसलाई म गत रातिसम्म तयार गर्दै रहेको छु। म सारा सप्ताहभरि आफ्नो कोठामा जान्थे, र आफ्नो वुलाउँ र कामहरू इत्यादिको पश्चात आफुलाईअलग लैजानको लागि चेष्ठा गर्थे; कि यस बेलाको लागि आफ्नो मस्तिष्कमा म केही ल्याउने यत्न गरूँ। र जब म अलग जान्थे; परन्तु तापनि म...........मेरो दिमाग खाली थियो। र हिजो म तहाखानामा गएँ। मैले विचार गरेको थिए, कि सारैनै धेरै गर्मी छ। यसैले म तल तहखानामा गए, र म त्यहाँ तल वसें। र मैले आफ्नो बाइबल लिएर पढ्ने प्रयास गरें र मलाई निद्रा लाग्यो। यसपछि जब म उठें तब मैले पानी पिएँ र मैले आफूलाई हरकतमा ल्याउने कोशिष गरे; र म वाहिर तिर गएँ र मैले चल्ल कदमी गरें, र म एउटा भरयाङ्गमा वसें।

१३. त्यसपछि यहाँ कोही आयो, र उसले मलाई कमिज नलगाएको भेटयो, जसरी कि म त्यहाँ साह्रै गर्मी भएको कारण भरयाङमा बसिराखेको थिएँ। उसले हात हल्लायो। मलाई थाहा छैन कि उसले हात हल्लाएको थियो; हुन सक्दछ कि कुनै यहा यस शहरको थियो या हुन सक्दछ कि यस गिरजाको व्यक्ति थियो जसले मतिर

हात हल्लाएको थियो। म यति विचारमग्न थिएँ कि मैले सिर्फ कारलाई जाँदै गरेको देखको थिएँ र मैले केवल हात हल्काएर अभिवादन गरिदिएको थिएँ।

**१४.** बितेको राती म आफ्नो कारमा बसें र चालर्स टाउन तर्फ गएँ किहि पाउने कोशिस गँरूँ। र यस्तो प्रतित भईरहेको थियो कि मानौं प्रभु मलाई केही वताउन (भन्नु) चाहनु हुन्छ; परन्तु म.........शैतान मेरो बाटोमा आउने चेष्टा गरिरहेको थियो; कि मलाई यसो गर्नबाट परमेश्वरबाट केही प्राप्त गर्नबाट रोक्न सकोस। त्यो मैले विचार गरें, "ठीक छ; यदि उ यसो गर्छ भने बस म प्रतिक्षा गरिरहने छु प्रतिक्षा गरिरहुँला, र ढोका ढकढकयाई रहुँला जब सम्म कि उसले त्यसलाई उघारी दिदैन। अतः तब केही छिन पछि अर्थात यस विहानः सात बजेको अलिकता पछि म सारै छिटो उठेर बसें।

**१५.** हिजो म अलिकता विरामी थिएँ, परन्तु म कोशिस गरिरहेको थिएँ.........किनकि हिजो मैले केही तातो, मसलादार मक्ष्काका दानाहरू खाई दिएको थिएँ, जसले मेरो पेट गडवडाएको थियो, र म यो पीडाबाट छुटकरा पाउने चेष्टा गरिरहेको थिएँ र अब यस बिहान; आठ बजे जब मैले वचनको एउटा लेखपढें तब यसले मलाई आश्चर्यमा पारिदियो र मैले वचनको अर्को लेखलाई फेरि पनि पढें र त्यसले मलाई फेरि पनि आश्चर्यमा पार्‍यो र म यसलाई वचनमा पढ्दथिए र हेरिरहे; र म यसलाई एक छिन अगाडि सम्म पढदै रहेको छु। अतः यो हुनसक्छ कि परमेश्वर यस बिहान; हाम्रो लागि एउटा सन्देश दिएका छन्, जसलाई सैतान हामीबाट टाढा राख्ने चेष्टा गरिरहेको थियो। बहिनी लार्सन के तपाई त्यस सानो बालकलाई यहाँ लिएर आउनु हुने छ? (भाई व्रन्द्ध म एउटा सानो वालकलाई परमेश्वरलाई समर्पित गर्नुहुन्छ। यहाँ निर टेप खाली छ-सम्पा) परमेश्वर उनीसँग हउन, र उनको सहायता गरून।

१६. अब म तपाईलाई पछिल्लो दुईदिन देखि अर्थात् पछिल्लो आइतवार देखि रोकिरहेको छु र म सोचिरहेको थिएँ....कि विहान र

वेलुका दुईटा सभाहरू होस्; र यसो गर्नु तपाईको लागि कठीन हुन जान्छ। म यो समभ्कनछु कि......तपाईहरू मध्ये केहीले सारै लामो यात्रा (सफर) तय (पार) गर्नु पर्ने छ। अतः यदि हामी यहाँबाट आइतबार या सोमबार, या एक सप्ताहको पछि गईरहेका छौं; भने म केवल आउने (अघिलो) आइतवारको सभाको विषयमा उदघोषण गरूँला कि परमेश्वरको के मनसाय हो। हेर्नुस् जबसम्म कि मण्डलीनै यो नचाहोस कि राती हामी यहाँ रोकियौं हामी यहाँ रोकिन सक्दैनौ। हेर्नुस्, यो त तपाईंमाथि निर्भर गर्दछ।

आज राति तपाईहरू मध्यबाट कति यहाँ आज रातिको सभाको लागि हुनुहुनेछः के म अघिल्लो आइतबार सभा होस, तपाई आफ्नो हातलाई माथि उठाउनुस् ? ओहो, धेरै मानिस छन्। (कोही भन्ला भाइ तपाईं दुवै समय सभागर्ने यत्न गर्नुस...सम्पा) के भन्यौं ? ("तपाई दुइटै वेला सभा गनुस्") ओहो ! (भाइ वेन ब्रायेनट भन्दछन् कि आज तपाईं दुईटा सभाहरू गर्नुस्") वेन; के अहिले अहिलेनै गरौ ! (भाई व्रन्हम हाँस्दछन्-सम्पा)

१७. आज विहान जुन सन्देश म सँग छ त्यो प्रसस्ती लामो छः तर म थाहा पाउनदिन कि कसरी......र मलाई थाहा छ कि म कलिसियाको कायदा कानुन बनाउनमा सहायता गर्दछु; परन्तु तपाईले ध्यान दिनु भयो भने तपाईं पाउनु हुनेछ, कि मैले भनेको थिएँ कि जव सन्देश टेप भईरहेको होस्, "तब तपाईं सन्देश लामो हुन्छ कि भन्ने चिन्ता न गर्नुस।" वुभ्क्नु भयो ? हजुर अँ र यो सन्देश टेप भईरहेको छ। अतः हुन सक्दछ यदि प्रभुले चाहनु भयो, भने हामी दुवै समय (वेला) अर्थात् आज रात्री र आउने आइतवार यहाँ फर्किएर आउने कोशिस गर्ने छौं। अब, तपाई, हेर्नुस, यदि तपाईलाई यस सप्ताह सन्देश भेटीदैन, भने अनि तपाईं अघिलो आइतबार तपाईं यहाँ आउनुस्।

१८. तपाईलाई यसप्रकारले दुई पटक बोलाउनु मलाई राम्रो लाग्दैन। परन्तु म अनुभव गर्दछु कि हामीसँग सारै धेरै समय छैन,

तर वस अलिकता मात्र अरू समय छ र केवल यो स्मरण राख्नुस्; यदि समय यसरी नै हिडीरहन्छ; भने हामीलाई यो सौभाग्य सारै धेरै समयसम्म पाउने छैनौं। वुझ्यौ र स्मरण रहोस्; केहीन केही घटना घटने छ। यात कानुनले हामीलाई रोकिदिने छ, अथवा शैतान तपाईहरू माझ छिर्ने छ (घुसने छ), र तपाईंहरूलाई तितर वितर गरि दिने छ। पहिलेदेखि नै यस्तो भई आएको छ। हेर्नुस्, केही न केही घटित हुनेवाला छ। यसैले जति समय हामीसँगै हुने छौं, हामी त्यसको उपयोग गरौं।

१९. अब जो आज राती आफ्नो घरहरूमा फर्किएर जान चाहनुहुन्छ; म उनीहरूलाई यो बताउन चाहन्छु कि आज रातीको सन्देश गत आइतबारको रातीको सन्देशको भाँती एउटा सानो सन्देश जस्तो हुने छ। र यसैले, यदि तपाईं यस सन्देश माथि टेप चाहनुहुन्छ, भने निश्चय नै हामी तपाईलाई त्यस सन्देशमाथि टेप पठाई दिने छौं- यदि तपाईलाई फर्किएर घर जानुछ। यदि होइन भने यदि परेमश्वरको इच्छा भयो, भने म आज राती सन्देश प्रचारूला।

२०. हिजो या अस्ति मसँग एउटा लेख थियो; एउटा सानो जस्तो सन्देश थियो, जसलाई मैले धेरै पहिले कुनै चिजको स्मृतिबाट तयार गरेको थिएँ। हालाकि यो दुइटा सन्देश हो; र तीमध्ये एउटा हो, "रिसनेवाला या चुनिएका फौद" र अर्को हो, हावा छर्नु र ववण्डर काटनु" यी एउटा सु-समाचारका सन्देश हुन्। आज विहानको यो सन्देश एउटा शिक्षाप्रद सन्देश हो। र आज राति म यात "हवा छर्नु र वाण्डर काटनु" या को माथि बोलुँला।

२१. र अब यस विहान म पंक्ति वचनभित्रबाट पढ्न चाहन्छु। र यदि तपाई आरामसँग हुनुहुन्छ भने भन्नुहोस्,"आमीन" (मण्डली भन्दछ,"आमीन सम्पा) ठीक छ।

अब म तपाईसँग यो चाहान्छु कि तपाईं मसँग आफ्नो आफ्नो वाइवलहरू मध्येबाट होशे भविष्यवक्ताको पुस्तक

निकाल्नुहोस् । तपाई जुन वचन पढ्न चाहनुहुन्छ; आउनुहोस् हामी होशे भविष्यको पुस्तकबाट छैठौं अध्ययन झिकेर त्यसको केही पदहरूलाई पढौं ।

र हामी उभियौं ।

२२. प्यारा परमेश्वर, हामी यस पुस्तकलाई आफ्नो हाथमा लिनका लागि योग्य छैनौं, किन कि हामीले पत्रिकामा पढेका छौ कि न स्वर्गमा न पृथ्वीमा न पृथ्वीको तल यस पुस्तकलाई लिन या यस पुस्तकमाथि दृष्टी लगाउन कोही योग्य थिएनन् । र, ओले; त्यहाँनिर एउटा मेमना आयो जो मानौं मारिचको वध गरिएको होस्; र उसले पुस्तक आफ्नो हातमा लिएको थियो ; किन कि उनै योग्य थियो; र उसले त्यसको सिलसिलाहरू तोडी दिएको थियो । र यस बिहानः हामी उसको बाटो हेरिरहेका थियौं कि उ यस पुस्तकमा लेखिएको प्रसँगहरूलाई खुलासा गरोस् । किनकि यो पुस्तक छुटकाराको पुस्तक हो; यसैले जसलाई छुटकारा मिलिसकेको छ, उनीहरू सबैको नाम यस पुस्तकमा लेखिएका छन् । हुन सकोस् कि यो बिहान; यसबेलामा जसमा कि हामी रहिरहेका छौं आफ्नो ठाउँ जान नसकौं । हामी यसलाई 'येशू' को नाममा माग्दछौं । आमीन !

हिंड, हामी यहोवातिर फर्कौं; कि न कि, उसैले फाऱ्यो, र उसैले निको पनि पार्ने छ, उसैले माऱ्यो र उसैले हाम्रो घाउहरूमा पट्टी बाँध्ने छ । दुई दिनपछि ऊ हामीलाई बचाउने छः र तेस्रो दिन उ हामीलाई उठाएर उभ्याउने छ, तब हामी उसको अगाडि जीवित रहने छौं ।

आऔ, हामी ज्ञान खोजौं, यहोवाको ज्ञान प्राप्त गर्नका लागि यत्न पनि गरौं, किन कि यहोवाको प्रकट हुनु विहान हुनु सरह निश्चित छ, उस वर्षाको नाई हामीमाथि आउने छ, वरन झरीको अन्तको वर्षाको समान जसले भूमि सिंच्दछ ।

हे एप्रैम म तिमीसँग के गरौं ? हे यहूदा, म तँसँग के गरौं ? तिम्रो प्रेम त मेघको समान छ र बिहानै उडिजाने ओसको समान छ ।

यसैकारण मैले भविष्यवक्ताहरूद्वारा मानौं उनीहरूमाथि बन्चरो हानेर उनीहरूलाई काटिदिए, र आफ्नो वचनले उनीहरूलाई दु:ख दिए र मेरो न्याय प्रकाशको समान चम्किन्छ। किन कि म वलिदानबाट होइन, स्थिर प्रेमबाट खुशी हुन्छु र होमवलीहरू भन्दा धेरै यो चाहन्छु कि मानिस परमेश्वरको ज्ञान राखुन ।

परन्तु ती मानिसहरूले आदमको नाइ बाचालाई तोडिदिए, उनीहरूले त्यहाँ मसँग विश्वासघात गरेका छन् ।

गिलाद नाम गड्यो भने अनर्थकारीहरूले भरिएको छ, यो रगतले भरिएको छ ।

जस्तो कि डाकाहरूको दल कसैको घात गर्न बस्दछन् त्यसरी नै याजकहरूको दल शाकेएको बाटोमा वध गर्दछ, वरन उनीहरूले महापाप पनि गरेका छन् ।

इस्रायलको घरमा मैले रोएर उभिनुको कारण देखेको छु; त्यसमा एप्रैमलाई छिनाइयो र इस्राएलको अशुद्धता पाइने गरिन्छ ।

र हे यहुदा, जब म आफ्नो प्रजालाई बधुँवाईबाट फर्काएर ल्याउने छु, त्यसबेलाका लागि तिम्रो पनि बदला ठहऱ्याइएको छ ।

२३. प्रभु येशू, हामी तपाईतिर निहाल्दछौं; तपाई नै आफ्नो पवित्र आत्माद्वारा यी वचनहरूबाट एउटा विषय निकाल्नुहोस् । हामी यसलाई येशूको नाममा माग्दछौं ।

२४. अब यो बिहान; मेरो विषय छ, आफ्नो दिन र उसको सन्देशलाई चिन्नु ।

जस्तो कि गत आइतबारको अध्यायबाट जस्तो कि हामीले "तुरहीहरूको पर्व" बाट सिकेका थियौं; अब म तपाईको ध्यान यतातिर आकर्षित गर्न चाहन्छु कि इस्रायल परमेश्वरको समयसूचक हो ।

२५. अब हामी यस सन्देशलाई अध्ययन सन्डे स्कुलको एउटा पाठको जस्तै गर्न चाहन्छौं; कि न कि म चाहन्छु कि तपाई त्यसबेलालाई सम्झनुहोस् अव चिन्नुस् जुन बेलामा हामी रहिरहेका छौं । जस्तो कि तपाई देख्नुहुन्छ, कि हाम्रो दौड सकिने अवस्थामा छ । र तब तपाईले यस सन्देश र चिन्हरूकोद्वारा जसलाई तपाई प्राप्त गर्नमा हुनुहुन्छ, यस घडी र समयलाई, जान्नुपर्ने हो ।

२६. अब, हेर्नुहोस् जस्तो कि गत आइतबारदेखि आरम्भ गरेको थियो ..... हामीले तुरहीहरूमाथि, पवित्र शास्त्रको अन्तिम सात तुरहीहरूमाथि वचन प्रचारेका थियौं र म आफूमा आफैंमा सोच्दछु, कि यिनीहरूको खुलाशा ठीक मोहरहरूको जस्तो हुने छ । परन्तु मैले यो...... गरेको छु यिनीहरूबाट प्रत्येक खुलेपछि एउटा सारै नै डरलाग्दो घटना घटित भएको छ ।

२७. र जब हामीले सात कलीसियायी कालहरूमाथि प्रचार गऱ्यौ तब यिनीहरू यति सिद्ध थिए, कि पवित्र आत्मा स्वयं हामीबीच आएका थिए र उसले यसलाई सत्य प्रमाणित गरेको थियो । र, यसलाई अखबारहरूमा छापियो र यसलाई देशभरिमा फैलाइयो, र यसलाई आकाशको चन्द्रमामा देखाइयो; र यसको (यसलाई) घटित हुनुभन्दा कयौं हप्ताहरू र महिनाहरूपूर्व नै हाम्रो अगाडि यसलाई सिद्ध गरी दिइएको थियो कि कसरी यो एकदमै ठीक ठीक हुनेछ । उसले यसलाई यसै आराधनालयमा विदित गरायो । उसले यसलाई यहाँनिर.... ठीक समयमा प्रकट गऱ्यो । उसले यसलाई चन्द्रमा र सूर्यमा प्रकट गऱ्यो र उसले यसलाई राष्ट्रहरूको यसबेलाको अवस्थामा प्रकट गऱ्यो; जब कि रोमका धर्माधिकारी वर्ग रोमबाट फर्किएर पिलसल्नि गए । सम्भवत: पटरस (जस्तो कि उनी दावा

गर्दछन्) को पछि उ पहिलो पोप हुन जो त्यहाँ गएका थिए। अब हेर्नुहोस्; यो सारै नै भयंकर घटना थियो।

२८. तब हामीले देखेका थियौं; कि सात मोहरहरूको खुलासा भन्दा पहिले त्यसमा समस्त भेद गुप्त थिए।

तब मलाई थाहा थिएन; कि म कलिसियाली कालहरूको सन्दर्भमा श्यामपटमाथि के बनी रहेको थियो। परमेश्वरलाई थाहा छ कि म यो भन्दा पहिले केही जान्दैन थिए। मैले त बस यसलाई दर्शनकोद्वारा श्यामपटमाथि बनाइदिएको थिएँ। तब मलाई थाहा थिएन कि परमेश्वर डेढ वर्षपछि यसलाई आकाशमा चन्द्रमाको द्वारा सत्य प्रमाणित गर्न गइरहेका छन्; र राष्ट्रिय अखबाहरूद्वारा यसको खबर सारा देशभरिमा फैलिएको छ। मलाई यसको विषयमा थाहा थिएन- मलाई थाहा थिएन कि यस लाओडिसीया कालको प्रकटिकरण हेतु चन्द्रमा रहस्यमयी ढंगबाट कालो हुने छ।

२९. अब हेर्नुस्; समाचारपत्रहरूमा तपाईलाई केवल छ; कलीसियायी कालहरू मात्र देख्न पाउनुहुन्छ। यस्तो यसैकारण छ कि न कि लाओडिसीया कलीसियायी काल पूर्ण रूपले कालो थियो। यदि तपाई आत्मिक घटनाहरूमाथि गौर गर्नु भयो भने तपाई थाहा पाउनु हुनेछ कि परमेश्वरले यसलाई आकाशमा बनाएको छन्। जब मैले यसलाई यहाँ पृथ्वीमा बनाए, तब जस्तो कि तपाई देख्नुहुन्छ मैले अलिकता ठाउँ खाली छोडी दिएको थिए; मैले उजियालाको एउटा पातलो जस्तो रेखा छोडिदिएका थिए। यस्तो ठीक त्यसबेलाभन्दा पहिले हुनुपर्ने छ जब चुनियकाहरूलाई पृथ्वीबाट बोलाउने छ; यही कारण हो कि मैले सातवाँ कलीसियायी कालका चित्रमा उज्यालोको एउटा झिनो जस्तो धर्सो छाडिदिएको थिएँ। परन्तु जब परमेश्वरले यसलाई आकाशमा प्रकट गरे, तब यो पूर्ण रूपले अन्धकारमयी थिई, जसको अर्थ हो कि हुन सक्दछ, अन्तिम व्यक्ति लाओडिसीया समयबाट बोलाउनु छ। हामीलाई थाहा छैन, परन्तु यसमाथि एउटा सन्देश हुन सक्दछ।

३०. अब तपाई फेरि पनि सात मोहरहरूमाथि ध्यान दिनुहोस्; भन्दा पहिले मलाई यसको विषयमा केही थाहा थिएन कि यिनीहरू यसप्रकारका हुनेछन् ।

यहाँ यस आराधनालयमा उसले मलाई यिनीहरूको विषयमा भनेको थियो; र मलाई टक्सन, ऐरिजोना पठाइदिएको थियो र मैले तपाईहरूलाई भनेको थिएँ कि त्यहाँनिर के घटित हुनेछ र आज यहाँ एउटा व्यक्ति हाजिर छ, जो त्यहाँनिर यो हेर्नका लागि थियो कि कि यो ठीक त्यस्तै प्रकारले हुन्छ, जस्तो भनिएको थियो; कि "सात स्वर्गदूत आउने छन् ।" त समाचारपत्र र पत्रिकाहरूले देशभरि नै यसलाई छापे कि, "प्रकाश एउटा रहस्यमय चक्रको रूपमा पिरामिडको रूपमा देखियो ।" र पत्रपत्रिकाहरूमा छापिएको यसको तस्वीर ठीक त्यस्तै नै थियो जस्तो मैले यसलाई यहाँ बनाएको थिएँ, र तपाईलाई देखाएको थिएँ । मलाई त्यस ठाउँबाट माथि उठाइयो । जहाँनिर ती स्वर्गदूतहरू उभिएका थिए, र म सताइस माइलमाथि पुगेको थिएँ; र यो प्रकाशको रहस्यमय धरो सत्ताइस मिल चौडा (चाक्लो), अथवा सत्ताइस मिल अग्लो र तीस मिल चाक्लो थियो । मैले बिर्सिएको छु कि यसको के नाप थियो जुन बेला यो टक्सन, ऐरीजनको माथि दृष्टिगोचर भयो; जुनबेला यो घटित भयो, त्यसबेला यो सबै प्रान्तहरूमा देखिएको थियो ।

३१. हेर्नुहोस्, पवित्र शास्त्रमा परमेश्वरले त्यतिकै कुनै त्यो कुरो लेउन् जसले कसैले तपाईमाथि थोपर्ने चेष्टा गरिरहेको छ: परन्तु यो त यसैले हो कि तपाईमाथि यो प्रकट होस् कि यस घडीको आत्मिक अर्थ के हो ?

३२. र तब जुन भिन्दै सन्देश आयो उसले सात मोहरलाई उधाऱ्यो र यी सात मोहरहरूको खोलाई पछि बाइबलको समस्त गुप्त भेदहरू र शिक्षा इत्यादिको प्रकटीकरण भएको छ । आजको दिनहरूमा संसार यसमाथि सारै नै अनिष्ठतापूर्वक प्रहार गर्दछ र भन्दछ कि यो, त्यो गलत हो ।

३३. यहाँ ऐरीजोनामा कुनै अन्य दिन कसैले मेरो टेपहरूमा काँटछाँटी गरेको थियो ताकि त्यस टेपमा मबाट ती कुराहरूलाई भनाउने चेष्टा गरियोस्, जसलाई मैले भनेकै छैन। तपाई, केवल त्यस दर्शनलाई स्मरण गनुहोस्, जुन मलाई ऐरीजोनाको सम्बन्धमा देखाइएको थियो। बाइबल भन्दछन् “जो कोहीले यसभित्रबाट एउटा शब्द पनि निकाल्छ या एउटा शब्द पनि यसमा जोडोस्, उसका लागि यही उचित हुने छ, कि उसले आफ्नो घाँटीमा एउटा सारै ठूलो ढुँगो झुण्डयाओस्।” जस्तो वचन दिइएको छ, मानिस त्यसमा आफ्नो नै अनुवाद ठुँसिरहेका छन्: र र यसभित्रबाट त्यो कुरा भनाउने चेष्टा गराइरहेका छन्, जुन मैले भनेकै छुइन र यो मेरो वचन होइन, यो त उसको वचनले। र जो कोहीले यसभित्रबाट एक शब्द निकालोस् या जोडोस... ।”

३४. र तब मैले दर्शनमा ती भष्यिवक्ताहरूलाई तल ओर्लदै गरेको देखें- जस्तो कि मलाई एकिन छ कि मैले तपाईलाई यसको विषयमा कैयौं आइतबार पहिले नै बताइदिएको (भनी दिएको) थिए। र यस्तो नै यो सबैथोक हुने छ। मैले भने, “आफूलाई यसबाट टाढा राख्नुहोस्।” जबसम्म म यसका लागि संघर्ष गरिरहेको छु, परमेश्वर यसका लागि झगडा (लडाई) गर्न सक्दैनन्। परन्तु हामी यसलाई परमेश्वरमाथि नै छाडिदिउँ। उनै एउटा यस्ता छन् जो यसको निगरानी हेरचाह गर्दछन्। बुझ्यौ ?

३५. अब हामीले गत आइतबारलाई ध्यान दिएका थियौं... पर्वहरूको दिनहरूलाई प्रचार गर्दै गरेको हामीले देखेका थियौं कि त्यस्ता पिन्तेकुस्तको पर्व हुने गर्दथियो। र पेन्तिकोसको पर्व र तुरहीहरूको पर्वको बीचमा सारै लामो समय अन्तराल हुने गर्दथ्यो। पिन्तेकुस्तको पर्व र तुरहीहरूको पर्वको बीच ठीक पचास दिनको समय अन्तराल हुने गर्दथियो। र पचास वाँ दिन ‘पिन्तेकुस्त’ पर्व हुने गर्दथ्यो: र पिन्तेकुस्तको अर्थ हुन्छ, ‘पचास’। यो फललाई हल्लाउने दिन हुन्थ्यो या फसल (अन्न)लाई भित्र जम्मा गरिने दिन हुने

गर्दथ्यो.... जसमा अन्नको प्रथम फललाई भित्र ल्याइथ्यो। र हामी देख्दछौं कि यो एउटा प्रतिछाया थियो; यो स्वभाविक या प्राकृतिक प्रथम फल पवित्र आत्माको त्यस प्रथम फलहरूलाई दर्शाउँद थियो जुन मानिसहरूमाथि खन्याइनु थियो।

र तब हामीले देखेका थियौं, कि त्यो पचासौंको दिन अन्य जातका मानिस जसलाई परमेश्वरले अन्य जातका मानिसहरूमध्येबाट आफ्नो नामका लागि बोलाए, पवित्र आत्मा पाए र यही पिन्तेकुस्तको थियो। र हामी पिन्तेकुस्तको चाडको यस लामो चाडलाई धेरै दिनदेखि अध्ययन गरिरहेका छौं।

३६. अब, हेर्नुहोस्, वास्तवमा पचास दिन ठीक सात सावाथ हुन्छन्। र सात पर्व सात कलीसियालीकालहरूलाई दर्शाउँदछन्। र यस पिन्तेकुस्तको पर्वको समयको दौरान परमेश्वरको द्वारा अन्य जातिका मानिसहरू भित्रबाट आफ्नो नामका लागि मानिसहरूलाई बोलाइने छ। अब हेर्नुहोस्, जब सातै शब्द भइसकेका थिए- अर्थात् सात शब्दको अन्तमा प्रायश्चितको दिन हुने गर्दथ्यो, र यो त्यही दिन हुन्थ्यो जब सात नरसिंगे बजाइन्थ्यो। र सात तुरहीहरूलाई बजाइनु विलापको दिनका लागि अथवा प्रायश्चितका लागि एउटा बोलावट हुन्थ्यो र हामीले ज्ञात गरेका थियौं कि यी सात तरहीहरूलाई केवल इस्रायलसँग मात्र वास्ता छ।

३७. र अब परमेश्वरले मलाई ती सात तुरहीहरूमाथि प्रचार गर्न दिएका थिएनन्। म यिनीहरूको सम्बन्धमा उदघोषण गर्नका लागि तयार थिएँ। सात तुरहीहरूलाई प्रचार गर्न हेतु हाल तैयार थिए; तथा अन्य सबै थोक तयार थियो। र मैले भने, "कुनै कुरो छ जसले मलाई सारै परेसानी गरिएको छ।" हामीले सात तुरहीलाई प्रचार गर्न हेतु कार्य गर्न जारी राखें; र विली तथा हामी सबै यस भवनलाई बताउनु कुलित बनाउने चेष्टा गर्न हेतु सारा तयारी गरी सकेका थियौं; कि यो आउनेवाला सप्ताहमा सात तुरहीहरूमाथि वचन गर्न सकौं। हामीले सात तुरहीहरूमाथि प्रचार गर्न हेतु आठ या दश

दिनका लागि स्कुलको श्रोता कक्ष लिएका थियौं। तर केही कारणले पवित्र आत्माले मलाई यस विषयमा प्रचार गर्न दिएका थिएनन् र म आश्चर्यचकित थिएँ कि यस्तो किन भइरहेको थियो।

र जब म प्रार्थना गर्न गएँ। मैले आफ्नी पत्नीलाई बताएँ कि, "म प्रार्थना गर्नको लागि भित्र गइरहेको छु।" र म प्रार्थना गर्न हेतु परमेश्वरको सम्मुख निष्ठापूर्वक घुँडा टेकेर लम्पसार भएँ र तब उनले म माथि यो प्रकट गरे कि ती सात तुरहियाहरू छैठौं मोहरको अन्तर्गत फुकिन्छन् र अब म दिव्य-अलौकिक ढंगबाट यिनीहरूमाथि प्रचार गरिसकेको छु। तपाई देख्नु होला कि यी सारा कुराहरूमा परमेश्वरको हात छ। यी सात तुरहीहरूको सम्बन्ध इजरायलसँग छ, र हामी यिनीहरूको अध्ययन छैठौं मोहरको अन्तर्गत गरी सकेका छौं; तपाईहरू सबै जुन छैठौं मोहरको सन्देशको दौरानमा यहाँ हुनुहुन्थ्यो, यो थाहा पाउनुहुन्छ कि कस्तो प्रकारले यहुदीहरूलाई दु:ख दिइयो।

३८. अन्य जातिहरूको समय यस पिन्तेकुस्तिय पर्वमा निहित छ। तुरहियाँय.. सबै तुरहियाँहरू छैठौं मोहरको अन्तर्गत फुकिइन्छन्। र हामीलाई गत आइतबार यी तुरहीहरूको अध्ययन तुरहीहरूको पर्वको अन्तर्गत गरिएको थियो। के तपाईहरू सबै यसको विषयमा जान्न चाहनुहुन्छ कि यी तरहीहरू के गर्नका लागि थिए? कि यहुदीहरूलाई संसारको सबै भागहरूबाट लखटेर उनीहरूलाई फर्काएर उनीहरूको आफ्नो देशमा ल्याइयोस्। यहुदीहरूलाई आफ्नो देशमा हुनुपर्छ। र मोहरहरू खुलेपछि यी सात तरहीहरू छैठौं मोहरको अन्तर्गत फुकिइन्छ।

३९. अब हेर्नुहोस्, सातवाँ दूतको सन्देश मोहरहरूको भेदलाई उजागर गर्छ सातवाँ दूतको सन्देश अन्य जातिको ११ वाँ घण्टाका श्रमिकहरूलाई यही पारिश्रमिक पाउनका लागि बोलाइरहेको छ जुन पहिलो घण्टाका श्रमिकहरूले पाएका थिए। बुझ्यौ ?

अब हेर्नुहोस् येशूले यही कुरो सिकाएका थिए। उनले भनेका थिए कि केही मानिस काट्न लागि गए। ती मानिस काममा लगाइएका थिए। र जब उनीहरूलाई काममा लगाइयो, तब उनीहरूले बिहानैदेखि काम गरे, उनीहरूलाई यसपछि केही मजदुर दिउँसो आए र उनीहरू पनि काममा लागे। र यसपछि ११ वाँ घण्टामा जुन कि दिनको अन्तिम घण्टाले केही अरू मजदुर आए र उनीहरूले पनि ठीक त्यति नै मजदूरी पाए जति कि पहिलो घण्टाका मजदुरहरूले पाएका थिए।

४०. यो कति सिद्ध छ कि पहिलो घण्टाको सुसमाचार दूत कस्तो प्रकारले पिन्तेकुस्तको दिन वचनको साथ सु-समाचारको साथ, सत्यको साथ आएका थिए। यसपछि एउटा अंधेरो काल आयो जसले चारैतिर अँध्यारो फैलाई दियो। यसपछि दिनको मध्यान्हमा लूथर, वैसली र ती मानिसहरू आए र यसपछि साँझको समयको सन्देश आउनुछ; कि यस घडीका मानिसहरूलाई मजदुरी प्राप्त गराइयोस् जुन आरम्भमा मानिसहरूले पाएका थिए। साँझको समयको सन्देश त ती सबै चीजहरूलाई दोहोऱ्याएर फर्काएर ल्याउनका लागि हो।

४१. र तपाई दर्शनलाई स्मरण गर्नुहोस्, जसमा दुलही आएकी थिई... जसमा मलाई दुलहीको पूर्व चित्रण देखाइएको थियो। एउटी सानी जस्ती दुलही दर्शनमा देखिइन्छ जो सारै नै मायालाग्दी थिइ। र म यसको विषयमा केही पनि सोचीरहेको थिइन; म त बस बसेर बाहिर हेरिरहेको थिएँ र तब दर्शनमा एउटी दुलही आउँदछिन् र म आफ्नो नजिकै एउटा आवाज सुन्दछु; जसले भनेको थियो, “यो दुलहीको पूर्व चित्रण हो।” र उनी अगाडि आइन्। मैले उनीमाथि दृष्टि लगाएर यस्ती थिई- उ सारै प्यारी, सारै राम्री जस्ती किशोरी हिंड्न सक्दथी, हिंडिरहेकी थिई, उ भागदौड यताउता दौडिरहेकी थिइन्; परन्तु उ एउटी शिष्ट स्त्रीको सरह त्यस शालिनताको साथ हिंडिरहेकी थिई, जस्तो कि आइमाइले हिंडनुपर्दछ र उ यसप्रकारले हिंड्दै मेरो देब्रेतिर आई र, र फेरि मेरो आँखाबाट हराई।

४२. त्यसपछि उसले मेरो मुख दाहिनेतिर घुमायी र उसले मलाई ती प्रत्येक कलीसिया देखाई, जुन कलीसिया कालहरूबाट बाहिर निस्किएर आएका थिए। र, ओहो; कति भद्दी थिई। र अन्तिम वाली कलीसिया, यी अन्तिम दिनहरूका कलीसियाकाल कि थिई, जसको नेतृत्व एउटी कुल्टा या एउटी अशिष्ट स्त्री गरिरहेकी थिई। र उनीहरूले अत्यधिक भद्दा वा अश्लील लुगा लगाएका थिए र उनीहरू सारैनै भद्दा देखिइरहेका थिए। र राक-एन-रोल र नृत्य गर्दै अगाडि बढे र ती स्त्रीहरू कम्मर मर्काएर नाच्नमा लिन थिए; र उनीहरूले केवल एउटा रङ्ग रङ्गको कागज पक्रिएका थिए; जसले कि पाँखडता या ढोंग भन्ने दर्शाउँदछ। खैरोसँग सेतो र कालो रंगको बीचको रंग हो, जुन कि एउटा धोखा दिनेवाला रंग हो। सलेटीसँग न त सेतो हुन्छ, न कालो नै हुन्छ। र उनीहरूले खैरो (रमैलो देखिइनेवाला कागज आफ्नो अगाडितिर पक्रिएका थिए र त्यो कागज यस्तो जस्तो थियो जस्तो कि पट्टिनुका एउटा सानो जस्तो स्कर्ट उनीहरूले आफ्नो अगाडितिर पक्रिएको होस्। उनीहरू आफ्नो कम्मरमाथि पूर्ण रूपले नांगो थिई र उनी हिंडिरहेकी थिइन्। ..... र उनीहरू संगीतको धूनमा नाच्दै अगाडि बढिरहेका थिए। तर जो मसँग कुरो गरिरहे थियो, उसले मसँग भन्यो, "यही कलीसिया हो।

४३. र जब उ मेरो नजिकैबाट गई तब मेरो हृदय सुन्ने जस्तो थियो। मैले विचार गरें, यदि यही त्यो हो जसलाई मसिहको अगाडि एउटी दुलहीको नाई प्रस्तुत गर्ने प्रयत्न गरिंदैछ। .... के मानिसको प्रयासहरू र कामहरूले मसिहका लागि यस्तो नै वेहुदि, असिष्ट, वेश्याको जस्तो देखिइने, भद्दा दुलही तयार गर्ने चेष्टा गरेको छ। यसकुराले मेरो हृदय अत्यधिक व्याकुल भयो।

४४. र यस दुलही पछि यो गई... यो त्यहाँ हाम्रो समक्ष आई जहाँ हामी उभिएका थियौं। जब हाम्रा नजिगबाट गइरहेकी थिइ तब उसले आफ्नो अगाडिको भागतिर केवल एउटा सानो जस्तो कागज पक्डिएको थियो; र उ कम्मर मर्काउँदै र नाच्दै, र म कहिले एकतिर

कहिले अर्कोतिर कदम राख्दै त्यस्तो नै नृत्य गर्दै माथि जस्तो मानिस यस समयको आधुनिक तृत्य गर्दछन् ।

**४५.** म यी कुराहरूका लागि उत्तरदायी छुइन । म त खाली त्यो भन्न सक्दछु जुन मैले देखेका छु । र परमेश्वरमेरो न्याई हुनुहुन्छ । परन्तु उ संयुक्त राज्य अमेरिकाकी कलीसिया थिई ।

**४६.** अब हेर्नुहोस्, जब उ मेरो नजिकबाट गई तब उसको पछिल्लो पूरा किसिमले नांगो थियो । र तब जब उ मेरो नजिकबाट गई भने मैले आफूलाई सारै नै क्षण र विरामी जस्तो अनुभव गरे ।

**४७.** यसपछि उसले भन्यो, "दुलही फेरि पनि पूर्व चित्रणमा आउनेछिन् ।" र हेर उसको पछाडि दुलही आउँदछे, र यो दुलही एकदमै ठीक त्यस्तै देखिइरहे कि थिई जो सुरूमा मेरो नजिकबाट गएकी थिई । तब मेरो मन यो थाहा पाउनको लागि कि त्यहाँनिर एउटी दुलही होली भनेर आनन्दले उफ्रियो र यो दुलही ठीक त्यही चीजबाट बनाइने छ, र यसका कपडा पनि ठीक त्यस्तै हुने छन् जस्तो कि शुरूकि दुलहीको थियो । यसैलाई नै बोलाइन्छ ।

र मलाई थाहा छ कि यो सत्य हो । यदि यो सत्य होइन, भने जति पनि दर्शन मैले योभन्दा अगाडि हेरे, ती सबै झूठा हुन् र यो सबैलाई थाहा छ; केवल एउटै कुरो होइन तर जे जति उसले मलाई भन्यो त्यो सत्य हो । र जे जति उसले मलाई भन्यो त्यो घटित भयो ।

**४८.** र तब के तपाईं यस आधुनिक कलीसियाको फोहरलाई हेर्न सक्नुहुन्छ, जुन आफैंलाई 'कलीसिया' भन्दछन् ?

**४९.** जस्तो कि अर्को दिन कसैले भनेको थियो..........भाई रूडेल मेरो एउटा मूल्यवान भाई जो यसबेला त्यहाँ पर्खालको साहारामा उभिएका छन् । उसले यसलाई दाखको लहरामा एउटा चुसका देख्यो र हामी यसमाथि कुनै अर्को दिन बिचार-विमर्श गरिरहेका थियौं र भाई रूडेल समयको स्थिति र आज

कलीसियाइहरूको विचार गर्ने आत्माको विषयमा परेशान थियो; कि यो कसरी अवन्नितितिर अभिमुख हुन आरम्भ भएको छन् । सेवकगण सबैठाउँबाट यहाँ आइरहेका छन्, र साक्षातकार गरि रहेका छन्, र सोधिरहेका छन् "भाई वन्हम के भएको छ, हो ? के भएको छ ?" अरे मेरा खुदा !

**५०.** भाई रूवेलले म सँग भनेका थिए, "के उनीहरू शैतानको आत्माबाट वाचि रहेका छन या यो क्या हो ?

**५१.** मैले भने, "होइन चुसनेवाला त केबल दाखलताको सामर्थकोद्वारा नै जिवित रहन्छ। यो त उसको सामर्थकोद्वारा नै जिवित रहन्छ यो त उसको सामर्थबाट यसैले जिवित छ, किन कि एउटा रसदार फल-एउटा निवुवा सुन्तलाको रूखमा फल्द छ; तर त्यसमा सुन्तला फल्दैन (फल्ने छैनन्; हालाँकि उ सुन्तलाको जिवनकोद्वारा जिवित रहन्छ। र कलीसियायीहरू नामघारी कलिसियाहरू केवल दाखलतामा कलम गरिएको चुसक हुन जो धर्मको नाममा, कलिसियाको नाम विवित रहन्छन। कैथोलिक, प्रोटेस्टेन्ट केवल चूषक नै हुन......जो दाखलताको तागतले.....तान्दछन्, र यसको अलवा (बावजुद) पनि उनीहरू आफ्नो किसिमको नै फलहरू उब्जाउछन्, किनकि उनीहरूलाई परिपर्तित गरिएको छैन। उनीहरू परमेश्वरको मूल व पहिले देखिनै ठहऱ्याइएको योजनामा थिएनन्, यहि कारण हो कि उनीहरूले वचनलाई इन्कार गर्नु छ र सुन्तला भन्दा भिन्दै कुनै अरू किसिमको फलहरू उब्जाउने छ। परन्तु वास्तविक विशुद्ध वृक्ष र त्यसको जरो यस कुराको लागि पहिले देखिनै ठहरयाईएको थियोा। कि त्यो सुन्तलाको रूखमा सुन्तलानै फलाउने छन्।

येशूले भन्नु भएको थियो, "म दाखलता बोट हूँ, र तिमी डालाहरू हौं।"

**५२.** परन्तु यदि त्यस मूल वृक्षबाट कुनै अर्को डालो निस्कन्छ, भने त्यसमा त्यसको मूल फल नै लाग्नेछन् र ठीक दाख लहराको अन्त्यमा यी सबै चिजहरूलाई पुनः आफ्नो मूल स्थितिमा फर्किएर आउनु छ। यसले त पुनः आफ्नो मूल स्थितिमा फर्किएर आउनुछ। कि यसलाई प्रकाश प्रदान गरोस् र यसलाई ठीक गरोस्। परन्तु यो नामधारी कलिसियाहरू भित्रबाट निस्किएर आउने छैन जुन यस लहरामा टँसाइएको छ, परन्तु त्यो त दाखलता भित्रबाट निस्किएर आउने छ, परन्तु त्यो त, वचनको मूल उत्पादन हुनेछ। उसलाई त, वचनको मूल उत्पादन हुनेछ। उसलाई त साँझको बेलाको लागि बाहिर निस्किएर आउनु छ। "र साँझको वेला उज्यालो होला।" यसलाई पाकनको लागि उज्यालोको आवश्यकता हुन्छ।

**५३.** हेर्नुस परमेश्वरको वचन कति शिद्ध छ। "एउटा यस्तो दिन हुनेछ जुन दिन या रात भनिने छैन।" फल तब सम्म पाकन सक्दैन। जबसम्म सूर्यले उसलाई पकाउदैन। यसको कुनै मतलब छैन कि तपाईं यसलाई कति प्रचार गर्नु हुन्छ, तपाई चाहे जेसुकै गर्नुहुन्छ, यो पाक्न सकदैन; यो प्रकट त केबल त्यो हो जसले यो भनेको थियो। "म जगतको ज्योति हुँ" र त्यो वचन हो; र उसैले यसो गर्न सक्दछ। यसैले एक समर्थलाई आउनुछ; स्वयं पवित्र आत्मालाई आउनु छ। कि उसले यसलाई पकाओस् या प्रकट गरोस् या सत्य प्रमाणित गरोस् या उसलाई प्रकटीकरण गरोस् जसको भविष्यवाणी उसले यस दिनको लागि गरेको छ। साँझको बेलाको उज्यालो नै उसलाई उत्पन्न गर्दछ। के नै समय हो।

**५४.** दुलही ठीक त्यही मुद्रामा जान्छे, ठीक जुन मुद्रामा उ आरम्भमा थिई। परन्तु म उसलाई विपथ हुँदै गरेको देखिरहेको थिएँ, तथा उसलाई फेरी पनि लाइनमा ल्याउने चेष्ठा गरिरहेको थिएँ। अब यस दिनको कुराहरूको विषयमा जसमा कि हामी रहिरहेका छौं धेरै नै भन्न सकिन्छ।

**५५.** अब हेर्नुस्, होशेले ६:१ मा भनेको छ, यहोवाको तर्फ फर्क।" याद रहोस्, उसले भनेको थियो कि उनीहरू तितर-वितर हुने छन्, र उनीहरू तितर-वितर भैंसके पछि यहोवा तर्फ फर्कने छन् र यहोवा उनीहरूलाई अन्धो गरि दिने छ, धयान दिनुस् "फर्कनुस........उनीहरू तितर-वितर हुने छन्; र अर्को कुरो................उनीहरूलाई फुटाइएको थियो, र अन्धा गरिएका थिएँ।" बस ठीक यही थियो त्यो जुन उनीहरूलाई भएको थियो। "उसले हामीलाई निको पार्नेछ र हाम्रो घाउहरूमा पट्टी बाँधिदिने छ।"

जसरी यहेजकेल ३७ मा छ, सुखेका हाड्हरू..........त्यो तराई सुखेका हाड्हरूले भरिएका थिए। यहेजकेलले यसलाई देखेको थियो- यहेजेकलले उनीहरूलाई फेरी पनि फर्किएर आएको देखेका थिए।

यस पछि हेर्नुस्, कि होशे भन्दछ, "दुई दिन पछि ! दुई दिन पछि उ उनीहरूलाई फर्काएर ल्याउने छ। उसले हामीलाई ग्रहन गर्ने छ; र हामीलाई वचाउने छ। अब हेर्नुस् यहाँ निर बचाइने अर्थात् (Revive) को अर्थ पुर्नर उत्थान होइन। Revive जस्ते शब्दलाई कहिं अन्तपनि इस्तमाल (प्रयोग) गरिएको छ, मैले बस यस माथि ध्यान दिएँ कि यसको अर्थ "जागृत गर्ने छ।" ठीक यस्तै नै हुने छ; "उसले हामीलाई तितर-वितर, र अन्धो र फारीदिए पछि, तेश्रो दिन उठाएर उभ्याइ दिने छ।"

**५६.** के तपाईलाई थाहा छ, कि यहूदिहरूलाई यस उद्देश्यले अन्धा गरिएको थियो कि हामी देख्न सकौं। उनीहरूलाई एक राष्ट्रको रूपमा फारयो, र तितर-वितर गरिएको थियो; र उनीहरूले आफ्ना नै मसिहालाई ठुकुराएका (धोखा दिएका थिए, ताकि हामी मसीहालाई ग्रहण गर्न पाऔं, ताकि उसको नामको निम्त्ति उच्च जातिहरू भित्रबाट मानिसहरूलाई वाहिर बोलाइयोस्।

**५७.** अब हेर्नुस्, स्त्री र पुरूष अगाडी आउँद छन्, र नामधारी कालिसियाको नाम ग्रहण गर्दछन्। अन्य जातिहरूका ती अन्धा

मानिसहरू जो त्यस नामलाई अर्थात् 'प्रभु येशू मसिहा' नामलाई वपतिस्मामा देख्न सक्दैनन् ! यो उनीहरूको लागि बस एउटा साह्रै नै खराब कुरोले; परन्तु वपतिस्मा त ठीक यसै रिति बाट हुनुपर्ने। यहूदीहरूलाई यसलाई हेर्नु थिएन। यसलाई त केबल उसैले देख्न सक्दछ जो यसलाई हेर्नको लागि पहिले देखिनै राखिएको छ, अन्यथा तपाईं यसलाई कदापी देख्न पाउनु हुने छैन।

यहूदी यो देख्न सक्दैन थिए कि त्यही उनीहरूको मसिहा हो, र जब कि ती विद्वान र धर्मशास्त्रका ज्ञाता; उच्चकोटीको छात्रवृत्ति प्राप्त मानिस थिए, र त्यसै वाइबललाई पढ्द थिए जसलाई पढनु हुन्छ। अब, यसलाई हामी माथि प्रकट गरि दिए पछि हामी यसलाई प्रष्ट रूपले देख्न सक्दछौं कि ऊ मसिहा थिए। परन्तु उनीहरू यसलाई देख्न सक्दैन थिए; न त आज उनीहरू यसलाई देख्न सक्दछन्। उनीहरू अन्धो भएको विषयमा त भविष्यवाणी गरिदिइसकिएको थियो।

**५८.** यस दिनका कलिसियाहरूको लागि म भविष्यवाणी गरिएको छ, कि उ अन्धो भइजानेछ, उ साँझको समयको सन्देशलाई ठुकुराई दिने छ। प्रकाशित वाक्य ३ एस्तो नै भन्द छ, "तँ अभागा, र तुच्छ छस्" अब तपाईं त्यस कलीसिया अथवा दुलहीको स्थितिमाथि ध्यान दिनुस् जो कुनै राती मलाई दर्शनमा देखाइएको थियो, "तँ नांगी, र अन्धी होस्, र यसलाई थाहा पनि छैन।" प्रभु येशू हामी माथि करूणा गर्नुस् ! वाईविल भन्द छ, कि उ नांगै छ।" मैले यसलाई यो भन्दा पहिले पनि कहिले देखेको थिइन। लौदीकियायी कलिसिया 'नांगी' थिई मैले यसमाथि कहिले ध्यान दिएको थिइन, र मलाई यो थाहा थिएन।

**५९.** ओहो, हामी परमेश्वरका कति धन्यवादित छौं। ओह, यसमा कुनै आश्चर्य छैन, कि हामी परमेश्वरका कति अभारी छौं। म महसूस गर्द छु, कि हामी ती कुराहरूको लागि जसलाई परमेश्वर हामीमाथि प्रकट गरिरहेका छन्, त्यति आभारी हामी छैनौ जति हुनु पर्छ।

६०. नांगी ! र त्यस दर्शनमा मलाई वताइयो- मलाई देखाइयो कि उ नांगी छ, र यो थाहा पाउदैन थिइ । इजराइल कि नाई अन्धि थिई । इजराइललाई त यसैले अन्धो गरिएको थियो कि अन्य जाति भित्र आउन सक्थे, परन्तु अन्य जातीहरू, यसैले अन्धिभइ रहेका छन् कि दुलहीलाई वाहिर निकाल्न सकियोस र इजराइल तुरहिहरूको पर्वलाई ग्रहण गर्न विल्कुल यस्तै नै छ ।

६१. अब हेर्नुस् यहुदीहरूका लागि तुरहीहरूको विषयमा बोल्दै यो भनिएको छ, "दुई दिनपछि हामीलाई बचाउने छ, या हामीलाई जाग्रीत गर्ने छ, हामीलाई सँगै (एक साथ) एकत्र गर्ने छ ।" र उसले यस्तो गर्ने छ... र हामी उसको दृष्टिमा बाँच्ने छौं र हामीसँग अनन्त जीवन हुनेछ । बुझ्यौ ? बाइबलमा होशेले भनेका थिए, हामी उसको दृष्टिमा बाँच्ने छौं । पुस्तकमा भनिएको छ, "हामी उसको दृष्टिमा बाँच्ने छौं- उसको दृष्टिमा हामीलाई जीवन मिल्ने छ ।" उसको दृष्टिमा बाँच्नुको अभिप्राय यो छ कि उसको आफ्नो जीवन अर्थात् अनन्त जीवनलाई पाउनु ।

"ऊ जुन सुख-विलासमा बाँच्दछे, ऊ बाँचेर पनि मरे कि छ ।" अतः हामी... उसले इजरायलका लागि प्रतिज्ञा गरेको छ, कि उसको दृष्टिमा इजरायलको नजिक फेरि पनि जीवन हुनेछ । यो साँचो छ र पिन्तेकुस्तका पर्वका लागि मरिसके थिई ।

६२. अब तपाई यसमाथि सारै नै ध्यानपूर्वक गौरव गर्नुहोस् । अब हेर्नुस् कि "दुई दिनपछिको अर्थ यो होइन कि यो अड्चालीस घण्टा हुन; किन कि यस्तो त सयकडौं वर्ष पहिले भएको थियो जब इजरायल सच्याई र पिन्तेकुस्तलको पर्व हेतु मृत भएको थियो, बुझ्यौ ? यसको अर्थ हो, दुई हजार वर्ष पछाडि, "परमेश्वरसँग दुई दिन ।" अब हेर्नुहोस्, के तपाईलाई थाहा छ त्यसबेलादेखि अहिलेसम्म कति समय भइसकेको छ ? त्यतिबेलादेखि अहिलेसम्म सत्ताइस सय वर्ष भइसकेको छ, किन कि होशेले यहाँ पृथ्वीमा यो ८७० ई.पु. भनेको थियो । हेर्नुहोस् अब १९६५ हो; यसको अर्थ हो कि यो भएको

लगभग २७ सय वर्ष भइसकेको छ। उसले भनेको थियो, "दुई दिन पछाडि उसले हामीलाई जियाउने (बचाउने) छ र तेस्रो दिन उसले हामीलाई उठाएर उभ्याउने छ र उ आफ्नो दृष्टिमा हामीलाई जीवन दिनेछ।" यही तपाईको तुरहीहरूलाई फुकिइनु हो। यही त्यो घडीले जसमा हामी रहिरहेका छौं, यही त्यो बेला हो जसमा हामी रहिरहेका छौं।

६३. अब हेर्नुहोस्, तिनीहरू तितर-वितर भए, अन्धा भए, अब अरू एकत्र भए र अब लगभग तेस्रो दिनमा छन्। के तपाईले यसलाई सम्भनु भयो ? उनीहरूलाई अन्धो गरिएको थियो ताकि उनीहरूले मसिहलाई ठुकुराई दिउन्। उनीहरू फेरि तीनबाट सारा विश्वमा तितर-वितर भएका थिए, र अब उनीहरू आफ्नो देशमा एकत्र भइसकेका छन्; कि आफ्नो प्रायश्चितलाई चिनुन्। अब उनी तुरहीहरूको लागि तयार छन्।

जस्तो कि बाइबल भन्दछ कि कलीसियालाई माथि उठाएर लगिएपछि, "जब उनीहरू त्यसलाई ग्रहण गर्दछन् र उसको शरीरमाथि घाउहरूको निशाना पाउँदछन्, तब उनीहरू उसलाई सोध्दछन्, "तँलाई यी घाउ कहाँ लाग्यो ?" तब उ उनीहरूसँग भन्दछ, मेरा मित्रहरूको घरमा।" र वचन भन्दछ, तब उनीरू आफू-आफूलाई अलग गर्छन् र हरएक परिवारमा भिन्दाभिन्दै कैयौं दिनसम्म यस्तो रूनु र विलाप हुनेछ, जस्तो मानौं परिवारको एक्लो छोरो हराएको होस्।" स्मरण रहोस्, कि त्यो तुरहीहरूको पर्व यस्तो नै गर्नका लागि हुने गर्दथ्यो कि "रूनु र मरिसकेका बलिदानका लागि शोक र विलाप गरियोस्।" र, उनीहरूले उसलाई नै ठुकुराइदिएका थिए।

६४. उनीहरू आफ्नो देशमा छन्, उनीहरूलाई अन्धो गरिदिएको थियो, उनीहरूलाई छरी दिइएको थियो र अब उनीहरू आफ्नो देशमा गइरहेका छन्। यो सबथोक छैठौं मोहरको अन्तर्गत भयो। जसमा उनीहरूको सात तुरहियाँ उनीहरूलाई जम्मा गर्नका

लागि फुकियो। र सातवाँ तुरही त्यो "महान तुरही हो" जसलाई हामीले गत आइतबार देखेका थियौं। छैठौं तुरही छैठौं मोहर खुल्दछ, ठीक त्यसरी नै उनीहरूको छैठौं तुरही फुक्दछ। सबैथोक एउटै बेला ( समयमा) हुन्छ ! खाली अन्तर यति नै छ कि उनीहरूको तुरहियाँ खाली एक पटक फुक्दछन् जब कि हामी दुई हजार वर्षहरू देखि पिन्तेकुस्तको पर्व मनाइरहेका छौं।

**६५.** अब, त्यो समय २७ सय वर्ष भएका छन्। उसले भनेको थियो, "तेस्रो दिनमा हामी फेरि एकत्र हुनेछौं। दुई दिनपछि तेस्रो दिनमा फेरि पनि एकत्र हुने छौं र उसको दृष्टिमा जीवन पाउने छौं।" के तपाईं प्रतिज्ञा देख्नुहुन्छ। समय पूरा किसिमले पर्खाल माथि लेखिएको छ। हामी हेरौं कि हामी कहाँ रहिरहेका छौं।

**६६.** अब इजरायली आफ्नो देशमा, तुरहीहरूको पर्व या प्रायश्चितलाई चिन्न तथा आफ्नैद्वारा पहिलो पटकमा उसलाई ठुकुराइदिनुका कारण आउनेवाला शोक र विलापको प्रतीक्षा गरिरहेका छन्। उनीहरू आफ्नो देशमा त्यसका लागि छन् र प्रतीक्षा गरिरहेका छन्। उनीहरू सबै के हुन्..... सबथोक आफ्नो ठाउँमा व्यवस्थित छन्।

**६७.** सुसमाचारको एउटा सेवक हुनुको नाताले मलाई लाग्दैन कि अलिकता बाँकी रहेको छ, सिवाय यसको कि दुलहीलाई माथि उठाइने छ। उनीहरू बाँधिएका थिए- उनीहरू छरिएका थिए... मेरो तात्पर्य हो कि उनीहरू अन्धो गराइएको थियो, उनीहरूलाई छरी दिएको थियो, र अब उनीहरू एकत्र छन्। अब के हुन बाँकी छ ? दुलहीलाई माथि उठाइनु ! उनीहरू दुलहीले जाने प्रतीक्षा गरिरहेका छन्। ता कि प्रकाशित वाक्य ११ को उनीहरूको नवि उनीहरूलाई तुरहीको पर्वको लागि बोलाइयोस् कि उनीहरूलाई यो विदित गरौं कि उनीहरूले यो थाहा पाउन कि उनीहरूले के गरेका थिए।

६८. स्मरणरहोस्, ठीक ती मोहरहरूको मध्यमा छैठौं मोहर खुल्दछ; र त्यहाँ एकलाख चालीस हजारलाई चुनिइन्छ, र बोलाइन्छ। र छैठौं र सातौं तुरहीको बीच ठीक छैठौं मोहरको अनुकूल प्रकाशित वाक्य ११ दृष्टिगोचर हुन्छ।

६९ यो के गर्नका लागि दृष्टिगोचर हुन्छ ? यो के गर्नका लागि हो ? र यो दुईवटा साक्षीलाई अर्थात मुसा र एलियाहा भविष्यवक्ताहरूलाई प्रकट गर्नका लागि हो र यहुदी केवल आफ्ना नविहरूलाई मात्र विश्वास गर्दछन्। र उनीहरू भविष्यवक्ताहरूको चिन्हहरूसँगै आउने छन् र उनीहरूको कार्य ठीक ती भविष्यवक्ताहरूको जस्तै हुनेछन् जस्तो ती भविष्यवक्ताहरूले गरेका थिए।

यो यहाँनिर एउटा कुरो प्रकट हुन्छ, कि जब कुनै मनुष्य... जब तपाई मर्नुहुन्छ, अथवा जब कोही मर्दछ र यस संसारलाई छोडेर जान्छ, तब उसको स्वभाव अथवा प्रकृति बदलिदैन। यदि तपाई अहिले झुठो हुनुहुन्छ भने तपाई त्यहाँ पनि झुठो नै रहनु हुनेछ। यदि तपाइ यहाँ सन्देह गर्नेवाला हुनुहुन्छ भने तपाई त्यहाँ पनि सन्देह गर्नेवाला नै रहनु हुनेछ। यदि तपाईं यहाँ गर्भमिजाजी हुनुहुन्छ भने तपाई त्यहाँ पनि गर्भ-मि-जाजी स्वभावकै रहनु हुनेछ। स्त्रीहरू र पुरूषहरू यो समय आफूले आफैलाई झक्झक्याउनेलाई हो; र आफूले आफैलाई जाँच्नलाई हो, र यो हेर्नलाई हो कि हामी कहाँ उभिएका छौं, किन कि मृत्यु तपाईको स्वभावलाई बदल्दैन।

७०. उनीहरू त गएको दुई हजार वर्ष भइसकेको छ। मुसा गएको लगभग २५ सय वर्ष भइसकेको छ, र एलियाहा पनि त्यही बेलाबाट... एलियाहा गएको लगभग २५ सय वर्ष भइसकेको छ र मुसा पनि गइसकेको छ र उनीहरू जब यहाँ फर्किएर आउँदछन् भने ठीक त्यही प्रकृतिसँगै फर्किएर आउँदछन् र ठीक त्यही कार्यहरूलाई गर्दछन्।

मृत्यु मानिससँग केही गर्दैन वरुण उसको बासस्थानलाई बदली दिन्छ। मृत्यु तपाईको स्वभावलाई परिवर्तित गर्दिन। मृत्यु तपाईको विश्वासलाई बदलिदिन्न। ऊ तपाईमा कुनै परिवर्तन ल्याउँदिन, बरु तपाईको बासस्थानलाई बदलिदिन्छे।

७१. यसैले आज बिहान: जसप्रकारको स्वभाव तपाईंको छ, त्यही स्वभाव तपाईको मृत्यु पछि रहिरहन्छ। यदि तपाई यहाँ परमेश्वरको स्वभावमा सन्देह गर्नेवाला हुनुहुन्छ, भने तपाई त्यहाँ पनि परमेश्वरको स्वभावमाथि सन्देह गर्नेवाला नै रहिरहनु हुनेछ। म यसको प्रवाह गर्दिन, कि तपाई कति पवित्र हुनुहुन्छ, तपाई कुन प्रकारले जीवन व्यतित गरिरहनुभएको छ र तपाई कति असल ढंगबाट बाँच्नुहुन्छ; मृत्यु तपाईको स्वभावमा लेशमात्र पनि परिवर्तन गर्दिन, उ त बस तपाईंको बासस्थानमा परिवर्तन गर्दछे। र यदि तपाई परमेश्वरको सम्पूर्ण वचनलाई जो कि यसप्रकारबाट लेखिएको छ, विश्वास गर्नुहुन्न भने तपाई त्यहाँ पनि परमेश्वरको सम्पूर्ण वचनलाई विश्वास गर्नु हुनेछ, यसैले तपाई चिन्ता नगर्नुहोस् कि तपाई त्यहाँ ( अर्थात् स्वर्ग राज्यमा) हुनुहुनेछ।

तपाईंले त यसको पूरा-पूरा विश्वास गर्नुपर्दछ, तपाईंलाई त यसलाई यसको प्रकटीकरणको सामर्थ्य र यसको प्रकाशनमा कि यो के हो, पूरा पूरा विश्वास गर्नुपर्दछ, तब तपाई यसको अंग बन्नुहुन्छ। यो त उसको वचनले जसलाई उ उठाएर उभ्याउँछ, जस्तै उसले आफ्नो वचनलाई प्रथम इस्टरको बिहान उठाएर उभ्याइएको थियो। केवल उसको बचन नै बाहिर निस्किएर आएको थियो र जो उसको वचनमा उसको वचनलाई विश्वास गर्दा गर्दै मरेको थियो। उनीहरूलाई उसले बाहिर निकालेर ल्याएको थियो र उसले आफ्नो वचनलाई सत्य प्रमाणित गरेको थियो।

७२. अब, हेर्नुहोस् यस्तो भएको २७०० वर्ष बितिसकेको छ। हेर्नुहोस् उनीहरूलाई तितर-बितर गरी दिइएको थियो, उनीहरूलाई अन्धो गरिइदिइएको थियो र अब उनीहरू एतत्र भइसकेका छन्। अब

जुन अलग काम हुनु छ त्यो यो हो कि उनीहरूले जीवन प्राप्त गरून् ।

**७३.** र, अन्य जातिहरूलाई बोलाइसकिएको छ। दुलही तयार छे। रेपचरलाई हुनु अति नजिक छ। के हामी त्यसको अन्दाज गर्न सक्दछौं र के हामी वास्तवमा उसलाई विश्वास गर्न सक्दछौं ? के यो एउटा कथा हो जुन भनिएको हो ? के यो हाम्रो लागि यो एउटा पौराणिक कथा हो ? के यो अलिकता यस्तो छ जुन वास्तविक जस्तो प्रतित हुन्छ ? अथवा के यो अलिकता त्यो हो जुन हामीमा छ, जुन कि हाम्रो भाग हो, जुन हाम्रो लागि जीवनभन्दा पनि के बढेर हो ? यस बिहान आराधनामा हामी यसप्रति के नजर अपनाउँदछौं ? स्मरण रहोस् यो त एउटा सानो समूह नै होला, जसले यसलाई ग्रहण गर्दछ।

**७४.** अब इजरायली आफ्नो देशमा तुरहीको बाटो हेरिरहेका छन्। अब उनीहरू दुलहीको बाटो हेरिरहेका छन्, ताकि प्रकासित वाक्य ११ पूरा हुन सकोस्। कलीसियायी समय सकिइसकेका छन्, मोहरहरू खोलिई सकिएका छन्, कि यो प्रमाणित गर्न सकियोस्, कि उनीहरूले कलीसियायी कालमा के छोडी दिएका थिए र सन्देश दिइसकिएको छ। हाल्लीलूयाहा ! इजरायली दृष्यभाव छ... इजरायली तुरहियाँको पर्वका लागि तयार छ।

**७५.** ओ हो ! मेरा भाई, तिमी जो अर्को ठाउँमा बस्दछौं र यस टेपलाई सुन्ने छौ, के तिमी ब्यूँझिन सक्दैनौं ? या के यो तिमीलाई अन्धो गर्दछ ? के तिमी यसलाई बाहिर फ्याकिदिनेछौं र यसलाई एउटा झुठो भविष्यवाणी भन्ने छौ ? जबकि यो तिम्रो ठीक अगाडि संसारद्वारा, समयद्वारा, मानिसहरूद्वारा र पवित्र आत्माद्वारा, जसले कि यसलाई लेखेको हो सत्य प्रमाणित गरी सकिएको छ। यो भौतिक र आत्मिक रीति, दुईवटैबाट नै सत्य प्रमाणित भइसकेको छ। जे जति उसले भन्यो त्यो पूरा र सत्य प्रमाणित भइसकेको छ।

७६. इजरायल आफ्नो देशमा छ; उनीहरूलाई उनीहरूको देशमा फिर्ता खेदिएको छ, उनीहरूलाई भेडा जस्तै गरेर लखेटियो। भेडियाहरू उसको पछाडि लागेका थिए र उनीहरूले उसलाई फिर्ता सुरक्षित स्थलमा, उनीहरूको आफ्नो देशमा फिर्ता लखटे। स्मरण रहोस, इजरायलबाट यो प्रतिज्ञा गरिएको छ कि उसले तबसम्म आशिष पाउने छ जबसम्म ऊ आफ्नो देशमा छ। परमेश्वरले इजरायललाई उसको देशको बाहिर कहिले पनि आशिषित गरेन। अब्राहम आफ्नो देशबाट बाहिर गयो र नाश भयो। प्रत्येक त्यो इजरायली आफ्नो देशलाई छोडदछ नास हुन्छ। परमेश्वर इजरायललाई केवल तब नै आशिष प्रदान गर्दछ जब उ आफ्नो देशमा हुन्छ र ऊ आफ्नो देशमा एक राष्ट्रको रूपमा छ र कलीसियालाई अर्थात् साँच्ची कलीसियालाई बोलाई सकिएको छ; र इजरायल केवल दुलहीको रेपचरलाई उसमाथि उठाएर लैजानलाई पर्खिरहेको छ।

७७. मोहरहरू खुलेका छन्। उनीहरूको हामीमाथि खुलासा भइसकेको छ। हामीले देखिसकेका छौं कि उनीहरूले के छोडिदिएका थिए। तपाईं जो सर्पवंश र पानीको वप्तिस्मा तथा अन्य अर्का कुराहरूमा वाद-विवाद गर्न चाहनुहुन्छ र असमन्जस्यको हालतमा हुनुहुन्छ, तपाईं अन्धो हुनुहुन्छ र यो थाहा पाउनुहुन्न। यस संसारको खुदाले तिमीलाई यसप्रति अन्धो गरिदिएका छन् र तिमीलाई यो थाहा छैन। यसमा कुनै अचम्म छैन कि यो बिहानः ती दवाहरूसँग जुभ्नका लागि मेरो के नै बेला रह्यो।

७८. अतः यस अन्तको दिनमा उनीहरूको भविष्यवक्ता तुरहीहरूका लागि ... तुरहीहरूको पर्वका लागि प्रकट हुन सक्दछ। के यस्तो हुन सक्दैन।

७९. परमेश्वरले होशे भविष्यवक्ताद्वार भन्नुभएको थियो, "मैले नै उनीहरूलाई फटाएको हुँ।" अब हेर्नुहोस्, उ इजरायलसँग यो भनिरहेको छ, "मैले नै उनीहरूलाई फटाएको हुँ" या अर्को

शब्दहरूमा, "मैले नै भविष्यवक्ताहरूद्वारा उनीहरूलाई काटें।" ठीक यस्तो नै परमेश्वर आफ्ना मानिसहरूसँग गर्दछन्। उसले उनीहरूलाई बाँकी राष्ट्रबाट काटिछाडे। जसको द्वारा ? आफ्नो वचनद्वारा, आफ्नो दुई घोर तरवारद्वारा। उसले आफ्नो उनीहरू... उसले आफ्नो राष्ट्रलाई अर्को राष्ट्रवाद काट्यो। उसले आफ्नो नविहरूद्वारा, आफ्नो प्रमाणित वचनद्वारा आफ्नो राष्ट्रलाई अर्को राष्ट्रबाट काटिछाड्यो।

ठीक यस्तै नै अन्तको दिनमा उसले आफ्नो वचनद्वारा आफ्नी दुलहीलाई नामधारी कलीसियाहरूबाट काट्यो अर्थात् छुट्यायो। उसले बाँकी कलीसियाहरूबाट आफ्नी दुलहीलाई फटायो, आफ्नी दुलहीलाई अलग गऱ्यो।

८०. उसले इजरायललाई अलग गऱ्यो; उसले आफ्ना भविष्यवक्ताहरूद्वारा; आफ्नो वचनद्वारा इजरायललाई छुटायो। "तिमी आफूले आफैलाई बाँकी मानिसहरूबाट अलग गरिदेऊ।"

अब हेर्नुस्, जब उनीहरूले शेष मानिसहरूको सरह काम गर्न चाहें भने उनीहरू शम्एल भविष्यवक्ता आए र शमूएलले उनीसँग भने, "के कहिले मैले तिमीसँग रूपैयाँ, पैसा लिएँ ? के कहिले मैले तिमीसँग प्रभुको नाममा कुनै यस्तो कुरो भने जुन घटित भएन ?

उनीहरूले भने, होइन यो कुरो ठीक छ, परन्तु हामी फेरि पनि एउटा राजा चाहन्छौं।

८१. ठीक यसै किसिमबाट नामधारी कलीसियाहरूले पनि गरेका छन्। "ओहो ! हामी वचनलाई विश्वास गर्दछौं। यो पूरै किसिमले सत्य छ; परन्तु तपाईंलाई थाहा छ, कि उनीहरू भन्दछन् कि हामीले यो भन्नु पर्दछ।" म यसको प्रवाह गर्दिन कि उनीहरूले भन्दछन् वचन नै साँचो हो।

इस्राइलबाटो हेरी रहेको छ। परेमश्वरले उनीहरूलाई आफ्नो भविष्यवक्ताहरूद्वारा काटे।

८२. भाइ। यो कुन चाहिं सयम हो ? सेवकगण यो कुन चाँही समय हो ? के तिमी देख्दछौं कि यो दिनको कुनचाँहि समय हो; के तिमी देख्दछौं। कि तिमी कुन चिन्हमुनि रहिरहेका छौं ? के तिमी यसलाई सम्झन सक्दछौं ? के तिमी यसलाई देख्दछौं।

८३. अब कहीं कुनै बेदारी छैन। हरेक कुनै शिकायत गरिरहेका छन्; सेवक गण चिच्याइरहेका छन्। म विख्यात समाचार पत्रहरूभित्रबाट एउटा समाचार-पत्र पढिरहेको थिएँ जुन कि यहाँ गिरजामा आउँदछ। यो एउटा साह्रै नै राम्रो सामाचार-पत्र हो र म त्यस समाचार पत्रको सम्पादकलाई र त्यस समाचार-पत्रका मानिसहरूलाई चिन्दछु र भाइ मरे बहिनी मरे जो कि "Herald of His Coming" हो। परन्तु उनीहरू मुस्किलसँग नै कुनै अरू कुराहरू छाप्नेछन् सिवाय यसको कि, "उपवास र प्रार्थना गर ! उपबास र प्रार्थना गर ! तुरही बजाउ !" कतिले यसलाई पढ्दछन् ? तपाईलाई थाहा छ; कि तपाईहरू सबै समय यसमा देख्नुहुन्छ , "उपवास र प्रार्थना गर ! उपवास र प्रार्थना गर !" यही हो त्यो सबथोक जुन तपाईं सुन्नुहुन्छ"। "उपवास र प्रार्थना गर।"

एक महान घटना घटित हुनेवाला छ ! तिमीहरू सबै प्रार्थना गर, प्रार्थना गर, प्रार्थना गर ! एउटा महान दिनको उदय हुनेवाला छ। एउटा महान घटना घटित हुनेवाला छ ! तिमीहरू सबै प्रार्थना गर। अझै पनि सारै ढिलो भएको छैन।"

८४. उनीहरू यसो किन गर्दछन् ? उनीहरू यसो किन गर्दछन् ? किन कि उनीहरू एउटा महान् जागृती चाहान्छन्। उनीहरू चिच्याई रहेका छन्, उनीहरू चिच्याएर बोलाइरहेका छन्, उनीहरू विश्वास गरिरहेका छन् कि एउटा जागृति आउने छ। उनीहरू असल मानिस हुन् ! यस्तो किन छ ? उनीहरूले के गरेका छन्। उनीहरूले

जागृत हुनु चिनेका छैनन ! बुझ्यौ ? एउटा मसीह हुनुको नाते उनीहरू समयको खिचाव (तनाई) लाई त महसुस गर्दछन्, परन्तु उनीहरू त्यो चिन्दैन जो गरिईसकिएको छ। यही कारण हो कि उनीहरू यस किसिमले सोच्दछन्। उनीहरूलाई थाहा छ कि केही हुनेवाला छ; परन्तु हेर्नुस् उनीहरू भविष्यमा आउने बाला समयमा यसको घटित हुने बाटो हेरिरहेका छन् जब कि यो तपाईको समक्ष पहिले नै भै सकेको छ।

८५. र ठीक त्यही आत्मा जुन होशेको माध्यमबाट बोल्यो, उनै यहुन्नामार्फत् बोल्यो; र उसले भनेको थियो, "कि अन्तको दिनहरूमा कलिसिया नांगी र अंन्धि हुने छ, र उ उसलाई कलिसियाबाट बाहिर गरिदिने छे।" उनीहरू ती भविष्यवाणीहरूलाई पुराहुँदै गरेको देख्नबाट चुकि सकेका छन्। परन्तु त्यहाँ भएको कारण यस दिनमा भएको कारण उनीहरूलाई यसको अनुभूति त हुन्छ कि के हुनेवाला छ। परन्तु उनीहरू यसलाई थाहा पाउदैनन्। उनीहरू यसलाई महसुस गर्न पाउदैनन्। पुरानो जमानाका यहूदिहरूको तरह धनि वा अन्धी, ज्ञानले परिपूर्ण लौदिकायी कलिसिया परमेश्वरको साँच्चि कलिसियाको घोर विरोधी छ; उ अन्त समयको सन्देशको घोर विरोधी हो। ती यहुदिहरूलाई हेर्नुस, उनीहरू यहुन्ना वप्तिस्मा दिनेहरूको कति विरोधी थिए। हेर्नुस्, उनीहरू येशूका कति विरोधी थिए, जब कि त्यही त्यो एउटा थियो। ज-जसको बाटो हेरिरहेका छन्।

(आराधनालयको ध्वनि व्यवस्थामा व्यवस्थापन खराबी आउनाको कारण ध्वनि व्यवस्थाबाट खर-खरको आवाज आउन थाल्दछ-सम्पा यो विचार गर्दछु कि हाम्रो ध्वनि व्यवस्थाको फ्यूज उडेको छ। म विचार गर्दछु कि फ्यूज उडेको कारण टेपरिकार्ड पनि वन्द भएका छन्। टेपरेकर्ड पनि बन्द भएका छन्। टेपरेकर्ड बन्द भएका छैनन्। ती ठीक छन्।

८६. उनीहरू सन्देशप्रति नकारात्मक बनिरहेका थिए। हुन्छ के भने, कि तपाईंहरूमध्ये प्रत्येक एउटा तातो इकाई हुनुहुन्छ; जसको

कारणले सारै वेचेनी या गर्मी हुने गर्दछ र यस्तोमा गिरजालाई सामान्य ताप बनाई राख्नको लागि कुनै तरिका छैन, यस्तो समय गिरजालाई ताप सामान्य राख्न सकिंदैन। किनकि तपाईंहरूमा सबैको शरिरको सामान्य ताप १८$^{0}$F हुन्छ, र तपाईं यहाँ बिना ताप उत्र्सिजत गरिएर वस्न सक्नु हुन्न, किन कि तपाईं निरन्तर ताप उत्पन्न गर्नुहुन्छ। अब यहाँनिर यस ठाउँलाई चिसो गर्नको लागि प्रयाप्त हवा छ; परन्तु तपाईं जुन तापको इकाइमा छ तापलाई उत्सर्जन गरिरहेका छन्; यस्तोमा तपाईं आफूलाई चिसो पुऱ्याउन सक्नुहुन्न।

**८७.** सन्देशलाई विरोध गरेकोमा ध्यान दिनुस्। परन्तु जस्तो कि पुराना बेलाका यहुदी अन्धा भएका थिए; त्यसरी नै अब यी यस लौदिकिया यी कालमा अन्धा भएका छन्। उनीहरू अन्धा, कंगाल र तुच्छ छन्  र उनीहरू यो थाहा पाउदैन।" उनीहरू यसबेलाका धनि छन्, उनीहरूसँग महान धर्मशास्त्रीय शिक्षाहरू छन्, उनीहरूसँग उच्चो कोटीको शिक्षा छ र अब उनीहरू सन्देशको प्रति विरोधी भएका छन्। उनीहरू आजको सन्देशसँग केही मतलब राख्न चाँहदैनन्, ठीक जसरी पहिलेका दिनहरूमा तब थियो जब नासरतको येशू पृथ्वीमा थिए।

**८८.** नुहको दिनहरूमा बुद्धिजीवी मानिस डुङ्गामा गएका थिएनन्; किनकि उनीहरूले कहिले पनि न त सन्देशलाई न त सन्देश वाहकलाई चिनेका थिए। यही एउटा मात्र कारण थियो कि उनीहरू नाश भएका थिए, किन कि उनीहरूले त्यस बेलालाई चिनेका थिएनन्, जसमा उनीहरू रहिरहेका थिए। उनीहरूले यो चिनेका थिएनन् कि परमेश्वर पापसँग ठीक त्यस्तै व्यवहार गर्नेछन्, जस्तो उनले गर्ने प्रतिज्ञा गरेका थिए। "उनी पृथ्वीको सतहबाट मानिसको सर्वनास गरिदिने छन्।" उनले यसको भविष्यवाणी गरेका थिए।

**८९.** परन्तु मानिस नुहको तरफदारी गर्नुको वजाय......उसलाई जंगली व्यक्ति सम्झन्थे। उनीहरूले उ भविष्यवक्ता भएकोमा विश्वास गरेका थिएनन्। तपाईलाई थाहा छ; येशू हामीलाई स्वयं भन्दछन् कि

मानिसहरूले नुहको दिनहरूमा त्यस्तै हंसी-मजा गरेका थिए, र उनले उसलाई हठधर्मी नजाने के के भनेका थिए। परन्तु उनले आफ्नो समयलाई चिनेका थिएनन्। उनीहरूले चिन्हलाई चिनेका थिएनन्। उनीहरूले सन्देशलाई चिनेका थिएन। उनीहरूले सन्देश वाहकलाई चिनेका थिएनन्; अपितु उनीहरूले उसलाई आफूमाझ उभ्यायो र उसलाई हंसी ठट्टामा उडाए। येशूले भन्नुभएको थियो, "जस्तो नुहको दिनमा भएको थियो।"

९०. इस्राइल आफ्नो देशमा छ र अब सबथोक सुव्यवस्थित भइरहेको छ; र सन्देश साह्रै सिद्धतासँग अगाडि बढिरहेको छ; भाइहरू हामी कुन दिनमा रहिरहेका छौं ? हामी कहाँनिर छौं ?

९१. उनीहरू आफ्नो दिनको विषयमा जान्दैनन् थिए। उनीहरू यो जान्दैनन् थिए। यही कारण थियो कि उनीहरू यसलाई चुकिसकेका थिए; किन कि उनीहरू यसलाई चिन्दैन थिए। उनीहरू धेरै थोक आजका मानिसहरूको जस्तै थिए, जुन वैज्ञानिक प्रमाणुहरूको द्वारा, शैक्षिक तन्त्रहरूकोद्वारा अन्धा भएका थिए। र जुन चिजहरूले त्यस बेलामा उनीहरूलाई अन्धो गरेको थियो, ठीक त्यही चीजहरू आज त्यस्तै नै गरिरहेको छ ! उनीहरू फेरि पनि उनीहरूलाई अन्धो गरिरहेका छन्।

९२. र ठीक त्यस्तै सरलता पनि छ; ठीक त्यस्तै नै सन्देशको सादगी र सन्देश वाहकको सादगि छ। नुह वैज्ञानिक थिएन ! उ एउटा शिक्षित व्यक्ति थियो। उत एउटा गरीव किसान थियो, जुन सन्देशको प्रतिनाम थियो। त्यो उनको उच्च कोटी शिक्षाको अगाडि साह्रै नै सोझो थियो।

ठीक त्यस्तै आज छ। परमेश्वर सर्वदा सन्देशलाई सरल राख्दछ, कि तिनै मानिसहरू यसलाई ग्रहण गरून् जो परमेश्वरमाथि भरोसा राख्दछन् र परमेश्वरलाई विश्वास गर्दछन्। सधैं नै एउटा भिन्न सन्देश आउँदछ; एउटा भिन्दै किसिमको सन्देश आउँदछ, परन्तु

परमेश्वर सधैं एकै जस्तो नै रहन्छन्। अब म चाहन्छु कि तपाईं यसलाई विश्वास गर्नुस् र यो सम्झनुस् कि परमेश्वरले नै यसलाई बोलेका हुन्।

९३. येशूले भन्नु भएको थियो कि उनीहरूले उसको भविष्यवक्ता नूहको मजाक उडाए र जसरी उनीहरूले त्यस दिनमा हंसी ठट्टा गरे, ठीक त्यस्तै नै उनीहरू फेरि पनि उ आउँदै गर्नेछन्। उनीहरू विलकुल ठीक त्यही काम गर्ने छन्।

यही कारण थियो कि फिरौन समुद्रमा डुबेर मरेको थियो। उसले आफ्नो दिनलाई कहिलै पनि चिनेको थिएन। उसले कहिलै यो चिनेको थिएन कि के हिंडिरहेको छ। ऊ आफ्नो कालको वैज्ञानिक उपलब्धीहरूमा; बधूवा मजदुरबाट शहरहरूको निर्माण गराउनमा अत्यधिक लिन थियो। उ त्यस अवसरलाई चिन्नको लागि अत्यधिक लिन थियो। उ त्यस अवसरलाई चिन्नको लागि अत्यधिक व्यस्त थियो, जुन उसले पाएको थियो; र उसले परमेश्वरको सन्देशवाहक नविलाई जंगलमा नै भगाइदिएको थियो। उसले उसलाई चिनेको थिएन। यही कारण थियो कि ऊद्वारा यस्तै प्रकारको काम हुँदै गएको थियो। उसले केवल ती मानिसहरूको लागि परमेश्वरको प्रतिज्ञा गरिएको बचनलाई चिनेको भए।

९४. र, काश कलिसिया केबल यसलाई चिनुन् काश कलिसिया केबल परमेश्वरको बचनलाई जसको उसले यस बेलाका मानिसहरूको लागि प्रतिज्ञा गरेको छ, चिनुन; होइन भने उनीहरू नाश हुने छन्। यदि अमेरिका केवल त्यस संविधानलाई चिनोस् जसलाई उसले बनाएको छ, भने उ बाइबललाई स्कूलबाट हटाउनलाई इच्छुक हुनेछैन; सिक्काहरूबाट परमेश्वर नाम हटाउनलाई इच्छुक हुने छैन; र परमेश्वरप्रति सत्यनिष्ठा बनिरहने छ। परन्तु उसले यसलाई चिनेको छैन। किन ? किनकि उ अन्धो छ, नांगो छ। उ ती बहुमूल्य जवानहरूको रगतलाई चिन्न सक्दैन, जुन यस गौरवको लागि युद्धको

मैदानहरूमा मरेका छन्। तिनीहरू बिर्सिइसकिएका छन्, तिनीहरू धूलो भएका छन्।

९६. परन्तु एउटा छ जुन नबिहरूको रगतलाई स्मरण राख्दछ; जो त्यस किमतलाई स्मरण राख्दछ, जो यस सुसमाचारलाई आज हामीसँग पुऱ्याउन हेतु चुकाइयो। तिरियो। कसरि हजारौं मानिसहरूलाई सिंहहरूलाई खुवाइयो, र गुफामा फ्ँयाकियो, आराले बीचबाट चिरियो, डढाइायो, सलिब चढाइयो। परमेश्वरलाई यो थाहा छ।

कलिसियाहरूले आफ्ना नबिहरूलाई विर्सिइसकेका छन्। "उनीहरूलाई उनको अब अरू आवश्यकता छैन," उनीहरू यस्तो दावा गर्दछन्। तर परमेश्वरलाई थाहा छ कि उसलाई उनको आवश्यकता छ; परमेश्वर आफ्ना मानिसहरूलाई आफ्नो वचनले काँट-छाँट गर्दछन्। परन्तु यस दिनमा यो उनको लागि पुरानो जमानाको कुरो भैसकेको छ। उनीहरू यसलाई अर्थात् बचनलाई चिन्दैनन्। यहि कारण हो, कि उनीहरू नांगा, तुच्छ, अन्धा, कंगाल छन्, र यो थाहा पाउदैनन्, किनकि उनीहरू त्यस समयलाई चिन्दैनन् जसमा उनीहरू रहिरहेका छन्। उनीहरू यसमाथि ध्यान दिदैनन्।

९७. मुसाले आफ्नो दिन र आफ्नो बोलावटलाई चिनेको थियो। जब उसले परमेश्वरको प्रतिज्ञाको बचनलाई त्यसबेलाको लागि प्रमाणित हुदै गरेको देखेका थिएँ; भने तब उसले थाहा पायो र महसुस गऱ्यो कि उ को हो; र उसलाई परमेश्वरको प्रतिज्ञा गरेको बचनको अनुसार के गर्नु छ। अतः उ भयभित थिएन कि कसैले के गर्दछ। उ आफ्नो सन्देशप्रति लज्जित थिएन; हँलकि हरएक पुरोहित र हरएक फिरौन; हरएक व्यक्ति, हरएक अधिकारी उसँग असहमत थिए। तर जब उसले त्यस प्रकाशलाई अर्थात् त्यस आगाको खाँवोलाई त्यस झाडीमा उभिएको देख्यो तब उसले उसलाई चिनेको थियो; र त्यस आगाको खाँवोले उसँग त्यस बचनलाई भन्यो। जसको प्रतिज्ञा त्यस दिनको लागि गरिएको थियो; र उसले उससँग भन्यो,

"मैले तँलाई यसैको निम्ति बोलाएको हो कि तँ गएर यसलाई गर्लास् ।' उ राजाको ती ठूल-ठूला धाकधम्कीबाट भयभित भएको थिएन । उती मानिसहरूलाई एउटा निर्गमनबाट बाहिर निकाल्नको लागि गयो; जसरी परमेश्वरको वचनले प्रतिज्ञा गरेको थिई ।

९८. प्रतिज्ञालाई सत्य प्रमाणित हुँदै गरेको देखेपछि उसले मानिसहरूलाई उनीहरूको निर्गमन हेतु तयार गऱ्यो । उसले यस्तो कहिले गरेको थियो ? जब उसले परमेश्वरको प्रतिज्ञालाई प्रमाणित हुँदै गरेको देखेको थियो । स्मरण रहोस्, ऊ आफ्नो धर्मशास्त्रीय ज्ञानको साथ भागेको थियो, ऊ आफ्नो प्रशिक्षणसँग भागेको थियो तर जब उसले परमेश्वरलाई प्रकट हुँदै गरेको देख्यो, जब उसले 'म हुँ जो हुँ' लाई प्रकट हुँदै गरेको देख्यो, तब फेरि उसले त्यसबाट डराउँदैन थियो, कि फिरौन उसकोसँग के गर्ने छ । उ यससँग डराउँदैन थियो, कि उनीहरू बाँकी उसलाई के गर्नेछन् ऊ त सिर्फ परमेश्वरसँग डराउँथ्यो, कि उ कहीँ परमेश्वरलाई गलत नसम्झियोस् या कहिले कुनै रीतिबाट परमेश्वरलाई गलत नसम्झियोस् । उ मानिसहरूसँग डराउँदैन थियो, र उ उसबाट डराउँदैन थियो कि उनीहरूले के भन्नेछन् र के गर्नेछन् । जब उसले यो थाहा पायो कि यो परमेश्वरको बचन हो, तब उ मात्र परमेश्वरसँग डराउँथ्यो ।

९९. उसलाई थाहा थिएन कि कि उ जस्तो व्यक्ति कसरी त्यहाँ तल पठाइनेछ । परन्तु जब उसले परमेश्वरको प्रकट वचनद्वारा यो थाहा पायो कि यो के हो, तब उ राजाका आज्ञाहरूले डराएको थिएन । काश तपाईं केवल चिन्नुस्, काश आज हामी केवल चिन्न सकौं । जब मुसाले परमेश्वरको वचनलाई सत्य प्रमाणित हुँदै गरेको देख्यो, जब मुसाले प्रमाणलाई सिद्ध हुँदै गरेको देख्यो, तब उसले यसलाई चिन्यो र उ मानिसहरूलाई निकालेर ल्याउन हेतु तयार थियो ।

अच्यूतले कदापि यो थाहा पाएको थिएन कि यिनी परमेश्वर थिए । जबसम्म शैतान तपाईंसँग यो विश्वास गराउन सक्दछ कि कुनै

बेला तपाईंमाथि जुन साना साना आजमाइसहरू आउँछन्, जसबाट तपाईं जानुहुन्छ। उनीहरू परमेश्वरका तर्फबाट हुन, हुन सक्छ छ यो परमेश्वर हुन् जसले तिमीलाई दण्डित गरिरहेका छन्। यो परमेश्वर थियो जो अयूवलाई केही देखाउने चेष्टा गरिरहेको थियो। र अयूवले यसलाई तबसम्म कहिले चाल पाएको थिएन, जबसम्म उसले दर्शन हेरेको थिएन। जसरी मूसाले यसलाई तब चिन्यो जब उसले दर्शन अर्थात् झाडिमा आगोको खम्बा देख्यो र जब यो प्रमाणित भैसकेको थियो।

अयूव आफ्नो प्रश्न सोध्दछ, यदि मानिस मऱ्यो भने के दोहोरिएर जीवित हुनसक्छ ? म बृक्षलाई मर्दै गरेको देख्दछु र त्यो फेरि बाँच्दछ। म फूललाई मर्दै गरेको देख्दछु र त्यो फेरि जीवित हुन्छ।" यो उसको प्रश्न थियो। "परन्तु जब मानिस मर्दछ, र त्यो त्यहीं रहिरहन्छ, जब उसको प्राण छुट्यो, तब ऊ कहाँ रहन्छ। उसका छोराहरू विलाप गर्न आउँदछन् र उ यसलाई थाहा पाउँदैन। प्रभु, तपाईं मलाई उद्योलोकमा लुकाउनुस जबसम्म तपाईको रिस ठण्डा हुँदैन।" उसलाई थाहा थिएन कि किन फूल मर्दछ, र फेरी बाँच्दछ, कसरी पात रूखबाट तल झर्दछ, र जमिनमा रहिरन्छ, र बसन्त ऋृणमा पुन: आउँदछ। उसले भन्यो, मानिस तल सुत्दछ, र उ कहाँ जान्छ ? परमेश्वरमाथि विश्वास गर्दछु, परन्तु मानिससँग के भई जान्छ ?"

**१००.** परन्तु यसपछि एकदिन विजुलीहरू चम्किन थाल्दछन्, गर्जन हुन थाल्दछ, तब आत्मा भविष्यवक्तामाथि आउँछ र उसले एउटा यस्तो मानिसको आगमनलाई देख्यो जो आफ्नो हात पापी मानिसमाथि राख्नसक्दछ, र परमेश्वर पनि पापी मानिसको माँझमा उभिने काम गर्न सक्दछ। तब उ चिच्यायो, मलाई थाहा छ मलाई छोड्ने वाला जीउँदै छ। यद्यपि छालालाई नाश किन न गरी दिउन, तापनि म आफ्नो शरीरमा भएर परमेश्वरको दर्शन पाउनेछु।" अयूवलाई थाहा थियोकि पुनरूत्थान के हुन्छ।

**१०१.** बालामले तबसम्म परमेश्वरको दूतलाई देखेको थिएन जबसम्म कि गधी गैर  बोलीमा बोलेकी थिइन। वालाम यो चिन्न सक्दैन थियो, कि उसले बाटोमा परमेश्वरको दूत उभिएकोछ। एउटा राम्रो प्रचारक यो थाहा पाउन सकेको थिएन कि यो परमेश्वर थियो जुन उसको बाटोमा उभिएको थियो र उसको वरदानलाई धनको लागि बेच्नबाट रोक्ने चेष्टा गरिरहेको थियो र जब गधी मानवीय बोलीमा बोली, भने तब बालामले यो थाहा पायो कि परमेश्वरको दूत उसको बाटोमा उभिएको छ। जो उसलाई त्यसो गर्नबाट रोक्न चेष्टा गरीरहेको छ जुन ऊ गर्न गइरहेको थियो।

**१०२.** ओहो, तिमी अन्धा नामधारी गीरजाहरू। तिमीहरू अन्धा मानिसहरू। यदि परमेश्वर एउटी गधी जोकि लाटी थिई, त्यस भाषामा बोल्नेहरूको लागि उपयोग गर्न सक्दथियो जुन ऊ जान्दैन थिई कि उ एउटा सेवकमाथि यो प्रकट गरोस् कि उ मार्गबाट भत्केको भएको छ भने के ऊ एउटा मानिसलाई उपयोग ठीक त्यसै कार्यको लागि गर्न सक्दैन ?

**१०३.** यदि आहावले केवल आफ्नो दिनलाई चिनेको भए त उसले मिकायहा नबिलाई कदापी तिरस्कार न गरेको भए जोसँग परमेश्वरको प्रतिज्ञाको वचन थियो।

**१०४.** जब त्यसदिन आहब र यहोशापात त्यहाँ उत्रिएका थिए, तब ती चारसय भविष्यवक्ता त्यहाँ निर भविष्यवाणी गरिरहेका थिए, र भनिरहेका थिए, अगाडी बढ ! सबथोक ठीकठाक छ। आहाव, तँ पापमा जीवन व्यतित गरिरहेको छस्। तहिले हाम्रो एउटा सारै ठूलो नामधारी संस्था बनाएको छस्। हामी महान मानिस हौं। हामीसँग एउटा महान सेवकाइ छ। हामी यही छौं, हामी यहाँ चारसय प्रशिक्षित पुरोहित या नवी छौं। हामी चारसय मानिस छौं। जसले वचनको तथा धर्मशास्त्रको प्रशिक्षण पाएका छौं। हामी यसको विषयमा सबथोक थाहा पाउँछौं।

**१०५**. त्यसैले अब हेर्नुस्, यसले यो सिद्ध गर्दछ कि परमेश्वर त्यस वचनको विषयमा केही जान्दैन थिए। जुन परमेश्वरले एलियुयाह नविद्वारा भनेको थियो। जुन व्यक्तिलाई उनीहरू सन्की भन्दथिए, त्यसै व्यक्तिले अर्थात् एलियाहटले जो कि परमेश्वरको एउटा साँच्चो भविष्यवक्ता थियो, भविष्यवाणी गरेको थियो: परमेश्वर यसै भन्नुहुन्छ, आहाव, कुकुरले तेरो रगत चाट्नेछन्। बुझिस् ?

**१०६**. परन्तु ती पुरोहितहरूले अर्थात् मानव निर्मित भविष्यवक्ताहरूले विचार गरेका थिए कि उनीहरूले यसलाई एक्दमै ठीकठाक गरिसकेका छन्। उनीहरूले भने पिता, अब्राहीम अर्थात् पिता आहाव, तिमी जाऊ परमेश्वर तसँग छन् तँसँग परमेश्वरको वचन छ, किनकि परमेश्वरले यो भूमि इजरायललाई दिएको थियो। यो भूमि इजरायलको हो। तँ जा ! परमेश्वर तसँग छन्।

**१०७**. परन्तु, तपाईंलाई थाहा छ, यहोशापात जो कि आहावको जस्तै पापमा विलिन भएको थिएन, उसको हेर्ने ढंग भिन्दै थियो। उसले भन्यो, के कुनै अर्को नवि छैन ?"

**१०८**. आहावले भन्यो, यहाँ एउटा अर्को छ, परन्तु म उसलाई घृणा गर्दछु। देख्यौं ? परमेश्वर के गरिरहेका थिए ? ऊ फेरि पनि आफ्ना मानिसलाई एउटा नविको मार्फत् छुट्याइरहेका थिए। उसले भन्यो, म उससँग घृणा गर्दछु कि केही गर्दैन, वरन उ त वस सबै बेला मेरो भर्त्सना नै गर्दछ र तिमीलाई थाहा छ कि म एउटा महान व्यक्ति हुँ। यदि म एउटा ठूलो विश्वासी नभएको भए मैले यहाँ धार्मिक शिक्षण स्थानको स्थापना गरेको हुने थिइन। मसँग उच्चो कोटीको प्रशिक्षित मानिस छन्। यो सिकाउनको लागि मैले यिनीहरूलाई किताबहरू र बाइबलहरू तथा अन्य सब थोक दिएको छु र मलाई थाहा छ कि उनीहरू श्रेष्ठ मानिस हुन् तर यदि आहावले केवल यो चिनेको भए, कि या गरिब झुत्रो देखिइने इम्लाको छोरो जो त्यहाँ उभिएर उससँग "यहोवा यसो भन्दछ" भनिरहेको थियो, को हो, त उसले कदापि त्यो भयंकर गल्ती नगरेको भए जुन उसले गरेको

थियो। परन्तु उसले मीकायाहको निन्दा गऱ्यो। उसले कहिले पनि .....

ओहो मानिसहरू त्यस युगलाई चिन जसमा तिमी रहिरहेका छौं। हेर्नुस् कि के घटित भएको छ। हेर्नुस् कि के प्रतिज्ञा छ। तिमी त्यस दिनलाई चिन जसमा तिमी रहिरहेका छौ।

**१०९.** काश आज नामधारी कलिसियाहरूको सम्प्रदाय केवल यो थाहा पाउन् कि किन उनीहरूको भर्त्सना भइरहेको छ र उनीहरूका सदस्य उनीहरूबाट त्यतिकै निस्किरहेका छन्, जसरी मिस्रबाट इजरायल निस्किएको थियो। काश नामधारी कलिसिया केवल ती टेपहरूलाई निन्दा गर्न बन्द गरिदिउन्, र त्यसलाई सुनुन। र तिमी प्रचारकहरू, जो यस टेपलाई सुनिरहेका छौं, तिमी सुन, यदि तिमी केवल त्यस घडीलाई चिन, जसमा तिमी रहेका छौं, तिमी केवल समयको चिन्हलाई चिन, तब तिमी यो देख्न पाउनेछौ कि ती कलिसियाहरूबाट मानिस किन भागिरहेका छन्। परमेश्वरको आत्मा उनीहरूलाई बोलाई रहेका छन्। येशूले भन्नुभएको थियो "कोही मसँग आउन सक्दैन, जबसम्म पिताले नै उनीहरूलाई तान्नुहुन्न र जतिलाई पिताले मलाई पूर्व समयहरूमा दिएका थिए, उनीहरू नै मेरो समीप आउनेछन्।

**११०.** जस्तो कुवामा पानी भर्न आएकी सामरी स्त्री र ती पुरूषहरू कति भिन्न थिए। आज फेरी पनि पर्खालमा हस्तलेख छ। उनीहरू यसलाई हेर्नत हेर्छन; परन्तु यसलाई चिन्दैनन्।

**१११.** काश यदि यहूदिहरूले केबल आफ्ना मसिहको प्रतिज्ञाको चिन्हलाई चिनेका भए जो कि उनको उन्को अन्तिम भविष्यक्ताको अनुसार थियो। मलाकी ३ भन्दछ, "हेर म आफ्नो दुतलाई आफ्नो अगाडी पठाउँद छु; र उसले मार्गलाई सुधारनेछ।" र उनीहरू दावा गर्द थिए कि उनीहरू मसिहाको नै बाटो हेरिरहेका थिएँ।

११२. यो आजको ठीक कति सामान्तर छ। उनीहरू दावा गर्दछन्, कि उनीहरू केहि घटीत हुने बाटो हेरिरहेका छन्। सबै तथाकथित कलिसियाहरू प्रार्थना र उपबास गरिरहेका छन्, र भनिरहेका छन्, आओ अब हामी प्राथना गरौं। आओ हामी सबै एकत्र होउँ। हाम्रो साथमा कुनै महान घटनालाई हुनु अवस्यनै छ। हामीलाई थाहा छ कि कुनै महान् घटना घटित हुने बाला छ। कलिसियालाई तयार हुनुपर्छ।" यहि हो त्यो जसको बारेमा उनीहरू सबै प्रार्थना गरिरहेका छन्।

११३. यहि थियो त्यो जसको विषयमा उनीहरू सबै प्रार्थना गरिरहेका थिए। र त्यहाँ यूहन्ना वपतिस्मा दिनेवाला आउँदछ। उसले उनीहरूको धार्मिक शिक्षण संस्थाहरूको भर्त्सना गरे; उसले उसको विरूद्ध कार्य गऱ्यो। जुन उनीहरूको पुर्वजहरूले सिकाएका थिए। उ बिना कुनै शिक्षा जंगलबाट आयो। उ आफ्नो कोलर न दोब्र्याइ आयो, जस्तो कि आजको भाषामा भनियो। उ बिना कुनै घर्मशास्त्री समूहबाट आयो। परन्तु उ परमेश्वरको प्रतिज्ञाकोद्वारा यो जान्दा जान्दै आयो कि उनी नै मसीह चिन्ने बाला हो।

उसले भन्यो, "अब उ तिम्रो माझमा उभिएको छ।" र उनीहरूले सोचे कि यहून्ना सनकि हो; किन कि उ उनीहरूको धार्मिक विद्ययालहरूबाट दावा दियो कि उनीहरू एउटा त्यस्तो नै व्यक्ति आउनेबाटो हेरिरहेका छन्, र उ ठीक उनीहरूको माझमा थियो। र उनीहरूले उसलाई चिनेनन, हँलाकी उनीहरू भन्द थिए कि उनीहरू उसको बाटो हेरिरहेका छन्।

११४. अहिले पनि बिलकुल त्यस्तै छ, जस्तो त्यतिबेला यहूदी आफ्नो रिति-रिवाजमा फँसेका थिए। उनीहरू दावा गर्द थिए कि उनीहरू उसको बाटो हेरिरहेका थिए। परन्तु अब अन्य जातिहरूमा नामधारी गिरजाहरू लौदिकियायी कालमा त्यस्तै अन्धा छन् जस्तो उनीहरू थिए किन कि यो भविष्यवाणी हो कि उनीहरू अन्धा हुने छन्। यसलाई त पुरा हुनै पर्ने।

**११५**. यदि इजरालयले केबल आफ्नो चिन्हलाई चिनेको भए उनीहरूले यो थाहा पाउने थिए कि मसिहको आउने समय नजिकै छ। काश् उनीहरूले उसलाई चिनेको भए।

तपाईलाई थाहा छ, कि चेलाहरूले येशूसँग सोधेका थिए, "त्यसो भए किन शास्त्री र फरीसी भन्दछन् कि एलियालाई पहिले आउनु आवश्यक छ ?"

**११६**. र येशूले भन्नु भयो, " एलिया त आइसकेको छ; र उनीहरूले उसलाई चिनेनन्। उ त पहिले नै यहीं थियो; र उनीहरूले उसलाई मारिसकेका छन्। उनीहरूले ठीक त्यस्तै गरे जस्तो पवित्र शस्त्र भन्दथियो, कि उनीहरू गर्ने छन्।"

**११७**. उनीहरूले त्यस "हठधर्मीलाई चिनेको भए जुन उनीहरूको हर त्यस दोहोरो चाललाई भर्त्सना गर्दथियो जुन उनीहरू हिंड्द थिए, जो उनीहरूको हरेक ती कामहरूलाई भर्त्सना गर्दथियो, जसलाई उनीहरू गर्ने गर्दथिए। उसले भन्यो, पाखण्डीहरू सांपका बच्चाहरू, घाँसमा लटपटीने साँपहरू; तिमीहरूलाई कसले चिता दियो कि तिमी आउनेबाला संकटबाट भाग ? तँ आफूमा यो सोच, हाम्रो पिता अब्राहीम हो। हामीसँग यो, त्यो या अन्य केही छ। किन कि मतिमीसँग भन्दछु, कि परमेश्वर ढुँगाहरूबाट अब्राहीमका लागि सन्तान उत्पन्न गर्न सक्दछ।

**११८**. तिमी यो नसोचकी हाम्रा हातहरूमा विश्व-परिषद (World Council) छ; र हामीसँग उसको सबैभन्दा असल ढंगबाट सुसज्जित सदस्य छन्। परमेश्वर आफ्नो वचन पूरा गर्नका लागि मूसाहरूको नालीहरूबाट, बेस्याहरुबाट पियकडहरूबाट, जुवाडीहरूबाट आफ्नो लागि सन्तान पैदा गर्दछ।

ऊ त्यसो गर्नमा सामर्थी छ। ऊ अहिले पनि परमेश्वरले।

११९. नामधारी गिरजाहरू इस्रायलको भाँती अन्धा गरिएका छन् । दुवैको विषयमा भविष्यवाणी गरिएको छ कि उनीहरू यस्तै प्रकारका हुनेछन् । म तपाईलाई दुवैमा समानता देखाइरहेको छु; जबसम्म कि म त्यस विन्दुमाथि आउने छुइन जहाँ अब म आउन चाहन्छु । अन्धो.... लाओडेसिया कालका अन्य जातिहरूको नामधारी आज ठीक त्यस्तै नै अन्धा छन्, जस्तो उनीहरू त्यतिबेला थिए ।

१२०. लाओडेसिया कालसँग अपेक्षा गरिन्छ कि उसले एउटा सन्देश ग्रहन गर्ने छ । मलाकी ४ भन्छकि उनीहरू यसो गर्ने छन् । परन्तु उनीहरू कस्तो बाटो हेरिरहेका छन् । "हाम्रा नामधारी कलीसिया यसलाई लिएर आउनेछन् । यदि यो हाम्रोद्वारा साथ लागेर आउँदैन; यदि यो वैपटिष्ट, प्रेस विटेरियन, एसम्बिलहरू, वननेश, या कुनै अन्य नामधारी कलीसियाद्वारा आउँदैन; यदि यो हामीद्वारा आउँदैन; भने उ शुद्ध होइन ।"

विलकुल ठीक यही त्यसबेला उनीहरूले गरेका थिए । र उ आयो र गयो पनि र उनीहरूले यसलाई निम्न पनि सकेका थिएनन् । हालाँकी उसले प्रत्येक वचनलाई पूरा गरेको थियो । येशूले भन्नुभयो, "जस्तो लेखेको छ कि उनीहरूले गर्ने छन्' त्यस्तो नै उनीहरूले गरे । ठीक त्यस्तै ती मनुष्यका पुत्रसँग गर्नेछन्; उसलाई ठुकुराइने छ ।"

१२१. अब ध्यान दिनुहोस्; मलाकि ४ को प्रतिज्ञा गरिएको वचनहरूको अनुसार अब अन्य जातिहरूको दिनहरूमा पनि त्यस्तै नै छ । जसको विषयमा येशूले भन्नुभएको थियो, "सम्पूर्ण पवित्रशास्त्र परमेश्वरको द्वारा प्रेरित छ; र यस भित्रबाट अलिकता मात्र पनि यस्तो छैन जुन पूरा नहओस् ।" कुनै यस्तो तरीका छँदै छैन जुन वचनलाई पूरा हुनुबाट रोक्नन सकोस् । सम्पूर्ण वचन पूरा हुनुपर्छ । र येशूले भन्नुभएको थियो कि यस्तै हुनेछ । तर यहाँ हामी यसलाई पूरा हुँदै गरेको देख्दछौं । हामी यसलाई देख्दछौं ।

१२२. यस अन्तको दिनहरूमा के "पुर्नस्थापित" हुने छ ? तिमी डिनोमीनेशनल भाइहरू सुन ! पिन्तेकुस्तको- मूल पर्वको पुनर्स्थापना हुने छ। जस्तो यो आरम्भमा थियो; कि त्यस्तै नै अवस्थामा य इज्रायलीहरूको तुरहिया बजाउनुभन्दा पहिले हुनेछ। यसलाई त आफ्नो मूल अवस्थामा आउनै छ, यसो गर्नका लागि केही न केही अवस्य हुनु छ। मलाकि ४ भन्दछु कि उ बालकहरूलाई पित्रीहरूको विश्वासको तर्फ फर्काउने छ। ठीक यस्तो नै घटित हुनुछ।

१२३. यदि इस्रायलले आफ्ना मसिहलाई प्रतिज्ञाको चिन्हलाई चिनेको भए उनीहरू त्यहाँ हुने थिएनन्, जहाँ आज उनीहरू छन्। यदि उनीहरूले... परन्तु उनीहरूले यस्तो किन गरेका थिएनन्? यो सारै नै दयनीय कुरो हो। उनीहरूले यस्तो किन गरेका थिएनन्? किन कि परमेश्वरले भन्नुभएको थियो, कि उनीहरूले उसलाई चिन्ने छैनन्। कतिले यसको विश्वास गर्दछ; उनीहरूले "आमीन भनुन् ( मण्डली भन्दछ, "आमीन"- सम्पा) परमेश्वरले भन्नुभएको थियो, कि उनीहरू उसलाई चिन्ने छैनन्। र परमेश्वरले भन्नु भएको छ, कि ठीक यस्तै नै लाओडेसिया कालमा हुने छ; र यो ठीक उनीहरूको अगाडि छ। कसरी उनीहरू यसलाई गर्नुको अतिरिक्त अरू केही गर्न सक्दछन्?

१२४. उनीहरूले केवल मसीहले प्रतिज्ञा गर्नुभएको चिन्हलाई मानिसको पुत्रको चिन्हलाई चिनेको हुदो हो। ऊ मनुष्यको पुत्रको नाममा आउँदछ। पिन्तेकुस्तल कालदेखि लिएर ऊ पवित्र आत्माको नाममा परमेश्वरको पुत्रको नाममा थियो ! अब जुन अघिल्लो चिज आउनु छ त्यो सहस्राब्दी हो, जसमा उ दाउदको पुत्र हुन्। एउटै परमेश्वर तीन "पुत्र" को रूपमा छन्। जसरी पिता, पुत्र र पवित्र आत्मा एउटै नै परमेश्वर हुन त्यस्तै दाउदको पुत्र, परमेश्वरको पुत्र... दाउदको पुत्र, मानिसको पुत्र, परमेश्वरको पुत्र सबै बेला एउटै नै परमेश्वर हुन्; बस यो उसको तीन भिन्नभिन्न कार्य स्थितिहरू छन्।

**१२५.** अत: "पिता, पुत्र र पवित्र आत्मा तीन परमेश्वर होइनन्, वरू एउटै परमेश्वरका तीन कार्यक्षेत्र हुन्, यिनीहरू त एउटा नै परमेश्वरका "पिता, पुत्र र पवित्र आत्मा" का रूपमा तीन कार्यस्थल हुन् ।

परन्तु जसरी त्यतिबेला रीतिरिवाजहरूले उनीहरूलाई अन्धो गरिदिएको थियो, त्यस्तै नै आज रीतिरिवाजहरूले मानिसहरूलाई अन्धो गरिदिएको छ, कि उनीहरू यसलाई देख्दैनन् । उनीहरू यसलाई किन देख्न सक्दैनन् ? उनीहरू यसलाई कदापि देख्ने छैनन् । स्मरणरहोस् । यो यहोवा यसो भन्दछ, वाला वचन हो ।

तपाई भन्नु हुनेछ, "भने तव तपाई यसलाई किन भनिरहनु भएको छ ?"

ठीक जसरी युहन्नाले गरे; ठीक जसरी अरु सबैले गरे । एउटा छ जुन त्यहाँ नि उत्रिएको छ र उसलाई बाहिर निकालेर ल्याउनु छ ।

ओ हो, परमेश्वरका भेडा परमेश्वरको आवाज सुन । "मेरा भेडा मेरा आवाज सुन्दछ ।"

एउटा छ जुन त्यहाँ उभिएको छ, र उसलाई बाहिर निकालेर ल्याउनुछ ।

१२६. कुवामा पानी भर्न आएकी साँवरी (कलसाउँदी) स्त्रीले मसीहको चिन्हद्वारा आफ्नो दिनलाई चिनेकी थिई । ऊ वेइज्जत अवस्थामा थिई । उ आफुलाई ती पुराना कलीसियाहरूको सँग मूर्ख बनाउन चाहँदैन थिई, जस्तो कि अरू मानिस गरिहेका थिए । उनीहरू जुन तोरतरीकाबाट बाँचिरहेका थिए र जुन कामहरूलाई उनीहरू गरिरहेका थिए; उ ती व्यर्थका कुराहरू माथि विश्वास गर्दैन थिई । परन्तु उसलाई थाहा थियो एक दिन आउने छ । यस वेचारी सामरी स्त्रीले कुवामा त्यस वस्तुलाई भेट्टाएकी थिई जसको उ बाटो हेरिरहेकी थिई । जब उसले उसको हृदयको गुप्त कुरालाई प्रकट गर्न आरम्भ (

सुरू) गरी र उसको त्यस पापको विषयमा बताई (भनी जसमा उ बाँचिरहेकी थिई, तब उसले उसलाई चिनी ।

उसले भन्यो, "श्रीमान, मलाई ज्ञात हुन्छ कि तिमी भविष्यवक्ता हौं ।" अब हेर्नुहोस्, चार सय वर्षदेखि उनीहरूको बीचमा कुनै भविष्यवक्ता भएको थिएन । उसले भन्यो, "मलाई ज्ञात हुन्छ कि तिमी भविष्यवक्ता हौ । र मलाई थाहा छ कि जब मसिह आउने छन् तब उ यी कामहरूलाई गर्ने छ ।"

उसले भन्यो, म त्यही हुँ ।

**१२७.** जब उसले उसलाई चिनेको थियो, भने उसँग अरू कुनै सवाल (प्रश्न) बाँकी थिएन; कि, "तँ यसलाई कसरी प्रमाणित गर्ने छस ?" यो त पहिले नै सिद्ध गरिइसकेको थियो । "जब मसिह आउने छन्, तब यही हो त्यो जो उसले गर्ने छ ।" (भाई ब्रान्हाम) पाँच पटक टेबुलमा खट-खट (ट्वाक-ट्वाक गर्दछन्-सम्पा) ठीक छ, यदि उसले यसलाई वचनहरूको द्वारा चिनेको थियो; भने के हामी साँझको उज्यालो र आजको चिन्हलाई चिन्न सक्दैनौं ?

"हामीलाई थाहा छ कि जब मसिह आउने छन्, तब उ हामीलाई यी सबैहरूलाई देखाउनेछन् । उ हामीलाई यसलाई बताउने छन् ।"

उनले भने, "म तिमीसँग बोलिरहेको छु, त्यही हुँ ।"

**१२८.** उसका लागि अरू कुनै सवाल बाँकी थिएन । उ दौडदै गई र उसले मानिसहरूसँग भनी, "आओ हेर, यहाँनिर उ छ ।" उसको लागि अरू कुनै सवाल बाँकी थिएन । यो त तय; भइसकेको थियो, कि कि उसले त्यस दिनलाई चिनेको थियो जसमा र उ रहिरहेकी थिई । उसले उसलाई चिनेकी थिई ।

१२९. ठीक यस्तो नै नतनएलले जो कि एउटा महान हिब्रु थियो गरेको थियो... जब उसले मसिहको त्यस चिन्हलाई देखेको थियो कि प्रतिज्ञा गरिएको थियो भने उसलाई यसबाट कुनै मतल थिएन कि कति पुरोहीत के गर्दछन्, या कति अन्य प्रकारका कुरा हुन्छन् ।

यसले के गरेको थियो ? मानिसहरू गिरजाहरू छोडेर जाँदै गरेको देखेर; यसले पुरोहितहरूलाई दुःख भएको थियो । पुरोहित भन्द थियो, "यदि तिमीहरूमध्ये कोही पनि त्यसको सभामा गयौ, भने उसलाई बाहिर निकालिने छ । हामी उसलाई हाम्रो नामधारी कलीसियाबाट बाहिर निकाली दिने छौं ।

१३०. विलकुल ठीक आज यस्तै छ । "यदि तिमी उसको सभामा जाने छौ, भने हामी तिमीलाई आफ्नो संस्थाबाट बाहिर गरिदिने छौं ।

१३१. के तपाईंलाई त्यो अन्धो थाहा छ ? उसको आमा र बुवा कुनै उत्तर दिन सकेका थिएनन्, किनकि उनीहरू डराउँद थिए । उनीहरूले भनी राखेका थिए, "जो पनि येशूसँग भेट्न जाने छ या उनको सभामा सम्मिलित हुनेछ, हामी त्यसलाई बाहिर निकाली दिने छौ ।" परन्तु त्यस अन्धाले स्वयं नै भन्यो, कि उ पहिले कुनै बेला अन्धो थियो अब उदेखद छ ।

१३२. म जो कुनै बेला अन्धो थिए, अब देख्न सक्दछु । म जुन यी कुराहरूलाई जान्दैन थिएँ, परन्तु पवित्र आत्माद्वारा उनीहरूलाई ममा प्रकट गरिएको छ । नामधारी कलीसियायीहरूलाई छोडिदिनुस, किन कि उनीहरूलाईत कुनै न कुनै तरिकाले त्यस्तो नै हुनुछ ।

१३३. "र यदि म पृथ्वीबाट अग्लो ठाउँमा चढाइए भने तब सबैलाई आफ्नो साथ तानुला ।" नतनएलले यसलाई चिनेको थियो । नतनएललाई यो थाहा थियो ।

**१३४.** ठीक यसै प्रकार मूसा वचनको प्रमाणहरूलाई, र प्रमाणित वचनलाई जान्द थियो। मूसालाई थाहा थियो कि उ त्यस दिनको प्रतिज्ञा थियो; किन कि यो वचनको अनुसार थियो, अतः उसलाई यसबाट कुनै मतलब छैन कि यो कति विचित्र थियो। उसले भन्यो, 'म कसरी उनीहरूलाई भन्न सक्दछु म उनीहरूलाई बताउँला कि मैले त्यहाँ जंगलमा उज्यालो देखेको छु अब म उनीहरूलाई कसरी भनन सक्छु कि त्यहाँ पछाडी उज्यालो थियो; र त्यसै उज्यालोले मलाई त्यहाँ जानको लागि भनेको छ ?"

**१३५.** परमेश्वरले स्वयंलाई मिस्रमा न चिन्हहरू अथवा चमत्कारहरू, बरु जब उसले ती सबैलाई जम्मा गरि दिए भने उ उनीहरूको सन्मुख पुनः दृष्टिगोचर भयो र मूसाको सेवकाईलाई चुनियकाहरू र बाहिर बस्न लाइएकाहरूको सम्मुख प्रमाणित गऱ्यो। जब भविष्यद्वताहरूले उनीहरूलाई त्यस देशबाट बाहिर निकाले; र उनीहरूलाई एउटा स्थान (ठाउँ) मा ल्याउ, भने तब आगोको खम्बा फेरी पनि सिनै पर्वतको चोटीमा देखिएयो।

**१३६.** यो ठीक आजको जस्तै छ। आमीन ! परमेश्वरको स्तुती ह्वस। यो मेरो लागी जीवनभन्दा पनि ठूलो हो। र मेरो उमेर बित्दैछ। (बुढो हुँदै गएको छु) र म कुकर्मता र अनैतिकताको घडीलाई तथा र अर्को यस्तै नै चिजहरूलाई देश देशहरूमा फैलैदै गरेको देखदछु, फेरी म फर्किएर हेर्दैछु; र हेर्दछु कि के भएको छ। मेरो मन यो थाहा पाएर आनन्दले विभोर हुन्छ; कि केही वेर पछि मेरो यो पृथ्वीमाथिको डेरा सरिक घर ढालिने छ, तब मलाई यस्तो भवन मिल्नेछ, जुन प्रतिक्षा गरिरहेको छ। म यी मानिसहरूलाई बाहिर निकाल्ने तथा मानिसहरूबाट यी चिजहरूलाई बाहिर निकाल्ने प्रयत्न गरिरहेको छु; म मानिसहरूलाई यी चिजहरूबाट पृथक (अलग) गर्ने प्रयत्न गरिरहेको छु; कि उनीहरूलाई पवित्र बचनबाट यो देखाउँ कि परमेश्वर त्यहाँ निर आगोको खम्बाको प्रमाणको साथ उभिएका छन्; जसलाई सयकडौं र हज्जारौं मानिसले देखि सकेका छन्, र यहाँसम्म

कि यसलाई सत्य प्रमाणित गर्न बेला-बेलामा केमराले यसको चित्र पनि खिचिएको छ ।

**१३७.** बिगार्नेहरु उठ्ने नै छन् । विगार्नेहरू मोसाको समयमा र उनीहरूले ठीक यस्तोसँग भने, "मोसा तँ आफूलाई अलग गर । त उनीहरूसँग नलागीरहे म उनीहरूलाई निलिदिने छु ।" र उनीहरू संसारमा भरिएर रहेका छन् ।; फर्किएर संसारमा जानुस् त्यहाँ धन आर्जित गर्ने योजनाहरू र अन्य सबथोक छन् ! बुझ्यौं ?

**१३८.** मोसा बचनरूपी चिन्ह थियो । मोसा परेमेश्वरको त्यो महान भविष्यवक्ता थियो जो उनीहरूलाई छोडाउन त्यहाँ गएको थियो, र उनीहरूले उसलाई चिनेका थिए । उनीहरूले चिन्हलाई चिनेका थिए । त्यो वास्तबमा वचनको प्रतिज्ञा थियो, जसको चिनारी गराइएको थियो ।

**१३९.** येशू वचनको त्यो प्रतिज्ञा थियो, जुन सामरी स्त्री माथि प्रकट भएको थियो । अथवा त्यो वचनको अनुबाद गरेको थियो ।

**१४०.** के तपाईंलाई यस बेलाको सन्देश देखिइरहेको छैन ? के तपाईं चिन्न सक्नु हुन्छ कि हामी कहाँ निर छौं ? त्यो सन्देश स्वयं बचनबाट तपाईंको लागि अनुबाद गर्दछ कि हामी कुन समयमा रहिरहेका छौं । यो एउटा अनुवाद हो ।

**१४१.** येशूले इजरायलसँग भन्नु भएको थियो, "केबल आफ्नो दिनलाई थाहा पाए को भए ।" एकपटक जब उ जैतुन पर्वत माथि बसी राखेको थियो, तब उसले यरूसेलमलाई देख्यो, र भन्यो, "हाय यरूशलेम; हाय यरुशलेम !" उसले तल हेऱ्यो, र उ यरूशलेलाई देखेर रोयो ।

म कुनै किसिमले उसको कुनै तुलना गरिरहेको छुइन, जब कुनै अर्को रात्रीलाई, अथवा कुनै विहान १० वजे मैले त्यस वैश्या-कलिसियालाई देखेको थिएँ । तपाईं आफ्नो हृदयको भित्र अनुभब गर्नु हुन्छ कि पवित्र आत्मा आँशु बगाई रहेको छ ।

"हाय यरूशलेम, हाय यरूशलेय मैले कति पटक चाँहे कि म तिमीलाई लुकाउ तर तैले मानिनस्। तैले ती भविष्यक्ताहरूलाई मारिस जुन तँ भएको ठाउँमा पठाइएका थिए। तैले उनीहरूको हत्या गरिदिइस्।"

र आज जुन सन्देश कलिसियालाई पठाईएको छ, त्यसको नामधारी कालिसियाहरूको मतकोद्वारा हत्या गरिएको छ। बचनलाई उनीहरूको मतहरूकोद्वारा हत्या गरिएको छ। येशूले भन्नु भएको थियो, "तिमीले केबल आफ्नो दिनलाई चिनेको भए ! तर अब सारै नै ढिलो भैसकेको छ, अब सारै ढिलो भैसकेको छ।" ठीक यस्तै नै कलिसियाहरूकोसँग छ।

१४२. म आफ्नो सम्पूर्ण हृदय देखि विश्वास गर्दछु, कि उ उद्धारबाट पर भइसकेकि छ, मलाई यसले कुनै मतलब छैन कि तपाईं यसको विषयमा के बिचार गर्न चाहनु हुन्छ, यो तपाईंको निजी धारणा हो। यो मेरो धारणाले वुझ्यों ? तपाईलाई मेरो धारणा ग्रहण गर्ने आवस्यकता छैन। परन्तु मलाई विश्वास छ कि उ पछिल्लो पाँच या छः बर्षहरू देखि अद्धारबाट भएकि छ। मलाई सम्झना छ। तपाईं शिकागोलाई सम्झनुस्। हेर्नुस, कि त्यति बेला देखि के घटित भएको छ; र जुन घटीत भईरहेको छ, त्यसलाई हेर्दै रहनुस्। वुझ्नु भयो ? सम्झना राख्नुस कि यसको पछाडी मेरो नाम छ; यो त्यहाँ निर घटीत भएको थियो। यो यहोबा त्यस्तै भन्नुहुन्छ वाला बचन हो। तपाईं हेर्नुस् के उ लगातार डुबिरहेको छैन।

१४३. तपाईं १९३३ माथि दृष्टि लगाउनुस्; कि कसरि यसले भनेको थियो कि अन्तको दिनहरूमा स्त्रीहरू कस्तो प्रकार आचरण गर्ने छन्। कसरि यसले भनेको थियो कि मानिस.......कसरि मिसलौनीको अन्त हुनेछ कस्तो प्रकारले साम्यबादमा तिनबाद अथवा मत आउने छन्। कस्तो प्रकारले स्वचालित बाहन आउनेछन् जुन अण्डा जस्तो देखिइने छन् र कस्तो ति आइमाइहरू लुगा लगाउने छन र लोग्ने मानिस जस्तो देखिने छन्; यहाँ सम्म कि उनीहरूको भित्रि

लुगा कस्ता हुने छन् र अन्तमा उनीहरू अंजीरको पातहरू जस्तो छोटा-छोटा लुगा लगाउने छन्। कस्तो अनैतिक कार्य.....कस्तो प्रकारले उनीहरू यी दिनमा आचरण गर्ने छन्। हेर्नुस्, कि उनीहरूले के गरिसकेका छन् र तब यो ठीक तपाईंको अगाडि छ।

**१४४.** मसिही स्त्रीहरू केबल........ तथाकथित मसिही स्त्रीहरू केबल यो थाहा पाउन कि उनीहरूमाथि जुन अनैतिकताको आत्मा छ त्यो शैतानको आत्मा हो, जो उसबाट उनीहरूको कपाल कटाउन लगाउछे। शैतान नै एउटा यस्तो शक्ति हो, जसले यस्तो गराउन लगाउँदछ। उ तपाईंको लागि परमेश्वरको बचनको विरूद्ध छ, जस्तो ऊ अदनको बाटीकामा थियो। उनीहरूले के गरेका थिएँ? उनीहरू चिनिन्थे ! उनीहरू भन्ने चेष्टा गर्दछन्, "ओहो, यो त त्यस पवित्र पाखण्डी प्रचारकको कथन हो।" यो म होइन। म तपाईंसँग भनिरहेको छुइन कि के गर्नु छ। मत केबल बचनको हवाला दिइरहेको छु। उनीहरूले यो थाहा पाउनथे कि त्यो शैतान थियो।

**१४५.** उनीहरू आफैंलाई मसिह भन्दछन्। येशूले भन्नु भएको थियो," तिमी मलाई "प्रभु" कसरि भन्न सक्छौं, जब कि तिमी ती कामहरूलाई गर्दैनौं जुन म गर्नलाई भन्दछु।" उनीहरू मसिह हुनै सक्दैनन्। म उनको न्यायी हुइन, परन्तु म त केबल त्यही भनिरहेको छु जो बचन भन्द छ। "तिमी मलाई "प्रभु" कसरि भन्न सक्दछौं, जब कि तिमी मलाई "प्रभु" कसरि भन सक्दछौं, जबकि तीकामहरूलाई गर्दैनौ जुन म गर्नलाई भन्द छु।" र सम्पूर्ण बचन येशू मसिहको प्रकाशन हो "तिमी मलाई हे प्रभु" कसरि भन्दछौं ?

**१४६.** उनीहरू केबल यो थाहा पाउन कि अनैतिकताको आत्मा शैतानको हो। केहि असल स्त्रीहरू त्यहाँ बाहिर छन्............

**१४७.** म सोच्दछु कि यो जैफरसनबिले, इन्डियना नांगा स्त्रीहरूको लागि सर्वाधिक अशिष्ट ठाउँ हो, जुन मैले आफ्नो जिवनमा कहिले देखेको छु। म होलीवुट गैसकेको छु। म सबैठाउँ

गएको छु। म सारा संसार भरमा गएको छु, र मैले सबै प्रकारको अभद्रता देखेको छु, मैले यसलाई पेरिसमा देखेको छु। मैले यसलाई इंगलैण्डमा देखेको छु जुन कि ती सबैमा तल्लीन छ।

**१४८.** म सोच्दछु कि कुनै दिन इंगलैण्ड समुद्रको पिंधमा डुब्ने छ। उ यही योग छ; त्यो अभद्र, अशिष्ट, व गन्दगिले परिपूर्ण देश हो। त्यो संसारको अनैतिक मल कुण्ड हो, उ सबै भन्दा धेरै बचन-विरोधी छ; र त्यहाँका मानिसहरु बचनलाई इन्कार गर्ने बाला ती मानिसहरू हुन जसलाई मैले आफ्नो जिवनमा कुनै बेला देखेको छु, त्यो यस्तो यसैले भएको छ, किन कि उसले सत्यलाई ठुकुराएको छ।

**१४९.** बिली ग्राहम भन्द छन्, कि उसलाई इंगलैण्डको पार्कबाट आफ्ना पत्निलाई वाहिर लिएर आउनु पऱ्यो, किन कि स्त्रीहरू र पुरूष, तथा युवक र युवतीहरू खुलम-खुला पार्कमा काम क्रीडाहरू गरिरहेका थिए। इंगलैण्ड मल कुण्ड बनिसकेको छ, ठीक त्यस्तै शेष बाँकी जगत छ, ठीक त्यस्तै नै संयूक्त राज्य ती सबैको प्रधान वन्दै गइरहेको छ।

**१५०.** आजलाई हेर्नुस् ! उनीहरू आफ्नो कपाल कटाउछन्, साना कपडा, सरीरमा टाँसिएका लुगा लगाउँद छन्, धुम्रपान गर्दछन्, र आफूले अफैलाई विश्वासी भनदछन्। वहिनीहरू या स्त्रीहरू, के तपाईंहरू महसुस गर्नु हुन्न !........ मलाई क्षमा गर्नुस्, मेरो तात्पर्य आफ्नी वहिनीहरूसँग होइन; मेरो तात्पर्य त तिनीहरूसँग हो जो यस प्रकारका काम गर्दछन्। के तिमीलाई महसुस हुँदैन कि यो शैतान हो भनेर।

पुराना यहूदिहरूको जस्तै तपाईं प्रमाणित बचनहरूलाई गर्नुहुने छैन जब कि यसलाई तपाईंको अगाडी सत्य प्रमाणित गराई सकिएको छ। तिमी त आफ्नो नामधारी कलिसियहरूको रिति-रिबाजहरूबाट जकडीएका छौं, जो यो भन्दछ कि सबथोक ठीक छ।

तिमी गैर जुवानहरु बोल्दछयौ तिमी माथि-तल उफ्री-पाफ्री गर्दछयौ, तिमी आत्मामा गाउँदछयौं, र आफ्नो कपाल कटाउँछयौं, के तपाईं कल्पना गर्न सक्नु हुन्छ कि के एउटा मसिह यसो गर्न सक्दछ ?

मैले पिशाचहरूलाई देखेको छु, मैले जादू टुना गर्ने ठूल-ठूला महारथीहरूलाई देखेको छु, मेले उनीहरूलाई गैरजुवानमा बोल्दै गरेको र त्यसको अनुवाद गर्दै गरेको, र तल-माथि उफ्री-पाफ्री पचाउँदै र तल-मीथ उफी-पाफ्री मचाउँदै र आत्मामा नृत्य गर्दै गरेको, मानिसको खोपडी मा रंग त पिउँदै र येशू मसिहको नाममा श्राप दिदैं गरेको देखेको छु।

**१५१.** तपाईं भन्नु हुन्छ, "म त कलिसियाको सदस्य हूँ ! हालिललूयहा ! परमेश्वरको महिमा हवस ! म ..........."तपाईं कसको सदस्य हुनुहुन्छ ? कलिसिया बचन हो। र बचन भन्दछ, यसो गर्नु तिम्रैलागि सारै लाजमर्दो कुरो हो।

तिमी अन्धा फरीसियाहरूको झूण्ड ती विचरा केटाकेटीहरूलाई त्यस्तै किसिमले नरकतिर लगिरिहेका छौं, किन कि तिमीलाई आफ्नो खानाको खर्चको प्राप्तीको भय छ; यदि तिमी बचनको विषयमा केहि भन्न सुरू गऱ्यौं भने तिमीलाई तिम्रो नामधारी कलिसियाबाट वाहिर निकालि दिइने छ। तिमी ढोगीहरूलाई लाज लाग्नु पर्ने ! तिमीलाई यसबाट लाज लाग्नु पर्ने ! तिमी यस किसिमबाट समयलाई नजिक आउँदै गरेको देखेर पनि परमेश्वरको बचनबाट हटेर आफ्नो रितिरिवाजले नै हिडाए जस्तै हिडदछौं। अरे अंन्धाहरू यसो गर्नलाई तिम्रो हिम्मत कसरी हुन्छ।

**१५२.** के वाइविल भन्दैन कि तिमी अन्धा हौं ? के तिमी सम्झन सक्दैनौ कि तिमी अन्धा छौं ? वाइबिल भन्द छे कि तिमी अन्धो छौं। " र तिमी नांगो, कंगाल, तुच्छ, अन्धा हो, र यो थाहा छैन। "जब तिमीहरू सोच्द छौं कि शहरमा हाम्रो सबभन्दा ठूलो कलिसिया छ, र तिमी यो, त्यो, या अन्य काम गर्दछौं; र वाइबिल भन्दछ, कि तिमी

जति कंगाल हुन सक्छौ त्यति कंगाल  अन्धा हौ। उ अहिले पनि द्वारमा उभिएको छ; र तपाईलाई आँखा सन्काएर बेच्ने गर्छ, बरू तपाईलाई दिने चेष्ठा गरिरहेको छ, र तपाईं यसलाई ग्रहण गर्नुहुने छैन। तपाईं वाचनलाई पुरा गरिरहनु भएको छ।

**१५३.** मानिसहरूले, तपाईं कुन दिनमा रहिरनु भएको छ? के तिमी समयलाई चिन्दछौं; के तिमी चिन्हलाई चिन्दछौं?

**१५४.** ती स्त्रीहरूले केबल यो सम्झनु कि उ शैतान हो। उ धर्मको नाममा एउटा अभद्र शैतान हो। उ धर्मको नाममा एउटा अभद्र शैतान हो। उ सर्वदा यस्तो किसिमको नै रहेको छ। उ एउटा धार्मिक व्यक्तिको रूपमा भविष्यवक्तासँग आउँछ, हरेक भक्तजनको समिपि आउदछ, यहाँ सम्म कि उ धार्मिक व्यक्तिको रूपमा येशू मसिह भएको ठाउँमा पनि आएको थियो र वाइबिल बताउँछन्, "अन्तको दिनहरूमा उ यति समानतामा हुने छ कि यदि हुनसक्छ भने चुनियकाहरूलाई भरमाई देवस।" यहा सम्म कि त्यस पेन्टीकास्टल कलिसियाको पिन्तेको स्टल.........(टेपमा रित्त सम्पा)

**१५५.** येशूले भन्नु भएको थियो, "किन कि साँगुरो छ त्यो ढोका र साँगुरो छ त्यो मार्ग; जुन थोरै छन् जसले त्यसलाई पाउदछन्। किन कि जस्तो नूहंको दिनहरूमा थियो जब केबल आठ प्राणीमात्र बाचेका थिए; त्यस्तैनै मानिसको पुत्र आउने समयमा हुने छ।" यसको विषयमा सोच्नुस्! सोच्नुस कि हामी कुन दिनमा रहिरहेका छौं। के तपाईं समयलाई चिन्नु हुन्छ, के तपाईं दिनलाई चिन्नु हुन्छ?

म तपाईंको साह्रै धेरै समय लिई राखेको छु, तर मसँग केहि मिनट अझै छ। वुझ्नु भयो।

**१५६.** उनीहरू उनीहरूलाई उनीहरूको कपाल कटाउन दिन्छन्। उनीहरू भन्दछन्, ठीक छ; हाम्रो कलिसिया ययमीथ कुनै

ध्यान दिन्न् । तपाईंलाई थाहा छ; किन ? किन कि उनीहरू अन्धा छन् ।

उनीहरू भन्दछन् "कपाल काटनुमा कुनै नोक्सान छैन ।" तर वाइबिल भन्दछ, यस्तो छ । यो सारैनै आशोभनिय कुरो हो कि कुनै स्त्री कपाल कटाओस् र प्रार्थना गरोस् ।

तपाईं भन्नुहुन्छ, ठीक छ, स्त्रीहरूलाई ओडनी ओढाएर राख्नु पर्छ ।" र वाइबिल भन्दछ, "बाल ओडने हो । टोपी होइन, वरू स्त्रीको कपालनै उसको ओडनीहो ।

**१५७.** के हुने थियो यदि मुसाले भनेको भए, म आफ्नो जुत्ताको सट्टा आफ्नो टोपी झिक्ने छु" यसबाट काम चल्ने थिएन । परमेश्वरले भन्नु भएको थियो, "जुत्ता" र परमेश्वरको अभिप्राय जुत्ताहरूसँग नै थियो ।

उसले भनेको थियो, "कपाल" न कि टोप ! परमेश्वरको महिमा हंवस ! म विश्वस्त छु कि परमेश्वर यहिनै मन पराउनु हुन्छ । परमेश्वरको स्तुति हवस् । जुन उ भन्दछ, त्यसको त्यही मतलब हुन्छ । बचनको कुनै निजि अनुवाद छैन । यसको त त्यही मतलब हुन्छ जुन उ भन्दछ, र उ स्वयं आफ्नो अनुबादक हो ।

**१५८.** तपाईं भन्नु हुन्छ, "म एउटी स्त्रीलाई चिन्द छु जुन त्यो गर्दछे ।" म यसको परवाह गर्दिन कि तपाई के थाहा पाउनु हुन्छ म त त्यो जान्दछु जुन परमेश्वरले यसको विषयमा भनेका छन् । तपाईलाई त त्यही उपयूक्त लाग्द छ जुन स्वयं तपाईं चाहानु हुन्छ ।

**१५९.** उनीहरू केबल चिन्न सकुन कि एउटी शिष्ट स्त्री के हुन्छीन । ओहो उनीहरू केबल यसलाई चिनुन । "महिला" होइन बरू एउटी शिष्ट स्त्री के हुन्छीन ?

१६०. मैले एउटा चिन्ह देखेको छु; मलाई एकिन छ कि ब्लू बोरबाट तल आउँदै गरेको पाँचौ गल्लीमा कुनै बिउटी पारलर मा यो लेखेको थियो। "शिष्ट स्त्रीहरूको मेज" म बस त्यँहा निर उभिएको थिएँ। मैले भने, "तिम्रोमा यहाँ यस्ता मेजहरू पहिले कहिले हुँदैन थिए।" एउटी शिष्ट स्त्री यस्तो ठाउँमा जाने छैन, हुन सक्दछ आइमाई यस्तो ठाउँमा जाउन, तर शिष्ट स्त्री जान सक्दीन।

१६१. के तपाईले ध्यान दिनु भएको छ कि संसारको पतन स्त्रीहरूको अनैतिकताबाट सुरूहुन्छ? के तपाईलाई थाहा छ कि यसको स्त्रीहरूको अनैतिकताबाट नै यस्तै प्रकारले अन्त हुनुछ? र स्त्री कलिसियालाई दर्शाउछे। आत्मिक रितिबाट भनियो भने कलिसिया स्त्री हो।

यसै प्रकारले आत्मिक तौरमा दुलही एउटी स्त्री हो।

१६२. कलिसियाको अनैतिकता.........यसलाई कसरि गरिइन्छ। दर्शनहरूमाथि दृष्टि लगाउनुस्, ती कुराहरू माथि दृष्टि लगाउनुस्, ती दर्शनहरू माथि दृष्टि लगाउनुस्, जुन परमेश्वरले देखाएका छन्; र ती दर्शनहरू सत्य छन्। तपाईंहरू यसलाई जुन टेपमा सुन्नु हुन्छ, र तपाईं श्रोतागण जो यसलाई देख्न सक्नुहुन्छ; मेरो वाइबिल मेरो हृदय माथि छ। मैले उसलाई देखेको थिएँ। सर्वशक्तिमान परमेश्वरलाई यो थाहा छ कि त्यो सत्य हो। मैले यो भन्दा अगाडी र अहिले सम्म यसलाई थाहा पाएको थिएन। उ 'नांगी छ, र उसलाई यो थाहा छैन। उ मजमस्ती गरिरहे कि थिई। यही उसको हालत छ।

परन्तु जब त्यो सानी दुलही अगाडी आई तब उ एकदमै भिन्न थिई। ओहो; "अल्फा र ओमिगा"।

१६३. शैतान यसलाई गर्दछ। परन्तु पुराना यहूदीको जस्तो जब उनीहरू बचन हेर्दछन्। .......र येशूले आफ्ना चेलाहरूसँग यो भनेका थिए, "पवित्रशास्त्रहरूमा खोज। तिमीहरू मेरो र मेरो

सेबकाइको असमंजस्यमा छौं। तिमीहरू बिचार गर्दछौं कि त्यसमा अनन्त जिवन त्यसमा पाउँदछौं, र यो त्यही हो मेरो गवाई दिन्छ, उ त तिमीलाई त्यो बताउदछ जुन मेरो सन्देश हो। यदि तिमी मेरो प्रतिती गर्न सक्दैनौं, भने ती बचनहरूलाई त प्रतिती गर जसको अनुवाद परमेश्वर तिम्रोलागि गरिरहेका छन्।"

**१६४.** "हामीहरू यस मानिसलाई हामीमाथि अधिकार गर्न दिने छैनौं। हाम्रा आफ्ना याजक इत्यादि छन्।" तब तपाईं अगाडि बढ्नुस्; बस यहि नै भन्न सकिन्छ। जे सुकै होस् सारै ढिलो भैसकेको छ। नामधारी कलिसियाहरूको रिती-रिवाज भन्दछन् कि सबै ठीक छ, र उनीहरू, उनीहरूको सुन्दछन्। यसको सट्टा कि उनीहरू सुनुन.....तपाईं परमेश्वरको बचन भन्दा वढ्ता मानिसहरूको बचनलाई प्रतित गर्दछन्। उनीहरू चिन्दैनन्। आज कलिसियाहरू तिमोथी ३ लाई चिन्दैनन्, यदि तपाईं......

**१६५.** म देखिरहेको छु कि केहि मानिस बचनका लेखहरूलाई लेखिरहेका छन्। अब हेर्नुस्, म यी बचनका लेखहरूलाई यहाँबाट हबाला दिइरहेको छु। यदि कोइ यसमाथि मेरा ध्यान आकर्षित गर्न चाहन्छ, भने मेरोलागि बचनको लेखलाई देखाई दिन सक्छु। बुझ्यौं ?

**१६६.** उनीहरू तिमोथी ३ लाई चिन्दैनन्, जहाँ यो भनिएको छ, "अन्तिम दिनहरूमा मानिस ढीठ, घमण्डी र परमेश्वरलाई भन्दा सुख बिलासलाई नै रूचाउने बालाहरू; क्षमारहित, दोष लगाउने बालाहरू, असंयमी, कठोर र भलाई नगर्ने उनीहरू भक्तिको भेष त धारण गर्ने छन्, परन्तु उसको शक्तिलाई मान्ने छैनन्; यस्तोबाट अलग रहनु। यिनीहरूमै ती मानिस छन्, जो घरहरूमा चालमारेर पस्ने गर्दछन्, र भ्रस्ट आइमाईहरूलाई आफ्नो वशमा गरी लिन्छन्, जो हर किसिमका अभिलाषाहरूको वशमा छन्- उनीहरू सँधै सिक्छन् तर सत्यको पहिचान सम्म कहिले पनि पुग्दैनन्।" उनीहरू कदापि यस्तो गर्न सक्दैनन्; र उनीहरू यसो गर्न पाउने छैनन्। परमेश्वरले यसो भन्नु भएको छ।

र अन्धा फरिसीहरू, के तिमी यसलाई देखन सक्दछौं ? म क्रोधित छुइन; बरु म त केबल तपाईंलाई झकझकाउनका लागि ठोस कुरा गरिरहेको छु। अपेक्षा, न त कलिसिया यसलाई चिन्न सक्दछ र न त आइमार्यहरू, यसलाई सम्झन सक्दछन्। उनीबाट उपेक्षा गरिइन्छ.......“छिछोरी आइमाईहरू हरप्रकारको अभिलाषाहरूको वशमा छन्,” होलीवुडका हरप्रकारका वेहुदा कामहरूको वशिभूत छन्, उनीहरूको कपाल काटिएको छन्, उनीहरूले नीकरें लगाउछिन, श्रींगार इत्यादि गर्द छिन्; सबै प्रकारका अभद्र काम गर्दछिन्, जुन कि उनको लागि अशोभनिय छ।

**१६७.** के तपाईलाई थाहा छ, कि वाइबिल भन्दछ, “जो मानिसहरू यस नरक-दण्डबाट बचेर निस्कने छन् तिनीहरू प्रभुको अगाडी एउटा राम्रो नमूना हुने छन्।” यदि परमेश्वरको इच्छा भयो भने तिमी स्त्रीहरूको लागि यस माथि सन्देश प्रचारने छु। तपाई हेर्नुस् कि परमेश्वर त्यस स्त्रीको विषयमा के सोच्दछ जो वास्तवमा यस दिनमा नरकदंडबाट बाचेर निस्किएकी छ। उसले भनेको छ कि, “उ राम्री हुने छ।”

**१६८.** मैले कुनै अर्को दिन एउटी स्त्रीलाई... एउटी केटीलाई हेरेर (विषयमा) हाँस्तै गरेको सुने। अर्धनग्न आइमाईहरूको एउटा हुल (झुण्ड) जसको नैतिकता एउटी कुकर्नीको भन्दा पनि गिरेको थियो, एउटी वुजुर्ग स्त्रीमाथि जसले कि एउटा लामो लिवास (पटिरन) लगाएकी थिई, हाँसी रहेकी थिई। यहाँ सुन, विग्रिसकेका आइमाईहरू उनीहरूसँग एउटा यस्तो चिज छ, जसको विषयमा तिमीलाई केही थाहा छैन। उसँग नैतिकता छ। तिमीलाई त आफ्नो नामसम्मको विषयमा थाहा छैन। तिमीले त यसलाई लगभग पाल्नेमा नै दिएका थियौ। तिमीलाई त कुन सही र गलतको विषयमा पनिकेही थाहा छैन, तिमीलाई यो थाहा छैन कि उ के गर्दछे। उसको हृदयमा केही लुकेको छ, जसको विषयमा तिमीलाई केही थाहा छैन। तिमीले त्यसलाई हराईसकेकी छयौ, तिमी त्यसलाई कदापि पाउने (भेटाउने

छैनौ)। तिमी उसलाई पुरानो फेशनतिर वगैर-बगैरन भन। उ केही यस्तो कुरो जान्दछे जसको विषयमा तिमीलाई केही थाहा छैन। उसको हृदयमा शिष्टताको खजना लुकेको छ। तिमीलाई शिष्टताको विषयमा एक शब्द पनि थाहा छैंन। तिम्री आमाले तिमीलाई यस्तै किसिमबाट पालनपोषण गरेकी छिन्। तपाईको पादरी तपाईलाई यस्तो गर्ने अनुमति दिन्छ, जो कि यो देखाउँछ कि उ कहाँ उभिएको छ। म उसको विषयमा अब ठीक यहाँनिर प्रचार गरिरहेको छु। बुझ्यौ ? हेर्नुस् कि तपाईको कलीसियाहरू कहाँनिर छन् ?

**१६९.** येशूले भन्नु भएको छ "ती सबै वचनका लेख पूरा हुनुपर्दछ र यो पूरा भएको छ।

**१७०.** ध्यान दिनुस, "जसरी यन्नेस र यम्ब्रेसले मुसाको विरोध गरेका थिए,... त्यस्तै नै यिनीहरू भित्रबाट केहीले उसको विरोध गर्ने छन् जो आउने छ। अब, हेर्नुस म यहाँनिर मैथोडिष्टको विषयमा भनिरहेको छुइन, उनीहरू त तस्वीरबाट नै बाहिर छन्। बुझ्यौ ? र परन्तु जसरी भन्नेस र यम्ब्रेजले मोसा र हारूनको विरोध गरेका थिए, त्यस्तै थिई मानिसहरू गर्ने छन् जसको बुद्धि पवित्र शास्त्रद्वारा वरू तथाकथित कलीसियाहरूको मतहरू, सिद्धान्तहरू र शिक्षालयहरूको द्वारा भ्रष्ट भइसकेको छ, र उनीहरू सत्यको विषयमा निकम्मा (काम नलाग्ने) छन्।

र यन्नस र यम्ब्रेस जे सुकै पनि गर्न सक्दथे जुन मोसाले गर्न सक्द थियो। बुझ्यौ ? हेर्नुस् "जसरी यम्ब्रेज" (उनीहरू उसको नै समान छन् ? )।

"जसरी यन्नेस र यम्ब्रेजले मोसाको विरोध गरेका थिए, त्यसै पनि यिनीहरू सत्यको विरोध गर्दछन्, यिनीहरू त यस्ता मानिसहरू हुन् जसको बुद्धि भ्रष्ट भएको छ।" यिनीहरू यसलाई आफ्नो यताउति (आसपास) फटकन दिने छैनन्, यिनीहरू यसले (यसबाट) कुनै प्रकारको सहयोग पनि गर्ने छैनन्, उनीहरू यससँग कुनै सम्बन्ध

पनि राख्ने छैनन् । परन्तु पावस भन्दछ, "उनीहरूको अज्ञानता प्रकट गरिदिनइने छ ।" चिन्ता नगर्नुहोस् जब दुलहीको आफ्नो ठाउँ लिइने छन् र आकाशमा उठाइने छिन्; तब यसलाई प्रकट गरी दिइनेछ; जसरी जब मोसाले इस्रायलको सन्तानलाई लियो र मिस्रबाट बाहिर निकाल्यो तब मिस्र डुबिसकेको थियो । यो सही कुरो हो ।

**१७१.** येशूले भन्नु भएको छ "सम्पूर्ण पवित्र शास्त्र आत्माको प्रेरणाबाट रचिएको हो, त्यसैले वचनको समस्त लेखलाई पूरा हुनु अवस्य नै छ ।" जब त्यो... उनीहरूले उससँग सोधे, "तँ आफूले आफैलाई परमेश्वर ठान्दछस् ।"

